जि.प्र.का. दर्ता नं. २८९।०५९।०६०
दर्ता मिति : २०५९/०८/०४

# मार्टिन चौतारीको वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८२/०८३

MARTIN
CHAUTARI

२०८३ असोज ९ मा सम्पन्न २५ औँ वार्षिक साधारणसभाबाट पारित

MARTIN CHAUTARI
KATHMANDU, NEPAL

## वैधानिक र प्रशासनिक जानकारी

| | |
|---|---|
| संस्थाको नाम | मार्टिन चौतारी |
| जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता नं. | २८९।०५९।०६० |
| समाज कल्याण परिषद्मा आबद्धता नं. | १७७२३ |
| स्थायी लेखा नम्बर (PAN) | ३०१७९०३२५ |

कार्य समिति (पछिल्लो वार्षिक साधारणसभा असोज ६, २०८२/सेप्टेम्बर २२, २०२५)

| | |
|---|---|
| अध्यक्ष | कुमार पाण्डे |
| उपाध्यक्ष | कैलाश रानी राई |
| सचिव | सेरा तामाङ |
| कोषाध्यक्ष | मनकुमारी ठाडा |
| सदस्य | प्रमोद प्रसाद भट्ट |
| | जीतबहादुर विश्वकर्मा |
| | सुरेन्द्रमान शाक्य |

कार्यालय
२७ जीतजंग मार्ग, थापाथली
पोष्ट बक्स १३४७०
काठमाडौँ, नेपाल

लेखा परीक्षक
प्रविण जोशी एन्ड कम्पनी
महाराजगञ्ज, काठमाडौँ
नेपाल

MARTIN CHAUTARI KATHMANDU, NEPAL

## विषयसूची


| पेज | शीर्षक |
|---|---|
| ४ | पृष्ठभूमि र सारांश |
| ६ | छलफल र प्रसार |
| ६ | छलफल, कार्यशाला र सम्मेलन |
| ९ | प्रकाशन |
| ११ | मार्टिन चौतारी पुस्तकालय |
| १४ | अनुसन्धान र ज्ञान उत्पादन |
| १४ | राजनीतिक प्रवाह-पथ : लोकतन्त्र र शासन पद्धति |
| १८ | ज्ञान उत्पादन र वितरण |
| २६ | प्रशासन |
| २६ | प्रशासन र वित्त |
| २७ | अनुगमन तथा मूल्यांकन |
| २७ | जनसम्पर्क र साझेदारी |
| २९ | अनुसूची |




MARTIN CHAUTARI KATHMANDU, NEPAL

**पृष्ठभूमि र सारांश**

प्रस्तुत प्रतिवेदनमा मार्टिन चौतारीले आर्थिक वर्ष २०८२/८३ (साउन १, २०८२ देखि असार ३२, २०८३ तदनुसार जुलाई १७, २०२५ देखि जुलाई १६, २०२६) सम्म गरेका कार्य प्रगतिको विवरण समेटिएको छ । चौतारीले गर्दैआएका क्रियाकलापको प्रकृति अनुसार नै यस प्रतिवेदनलाई पनि विभिन्न खण्डमा विभाजन गरिएको छ । त्यस अनुसार पहिलो खण्डमा छलफल तथा प्रसार कार्य अन्तर्गत पर्ने चौतारीका छलफल, कार्यशाला तथा सम्मेलन एवं प्रकाशन र पुस्तकालय सम्बन्धी गतिविधिको विवरण समेटिएको छ । दोस्रो खण्डमा अनुसन्धान र ज्ञान उत्पादन कार्यसँग सम्बन्धित क्रियाकलाप समेटिएको छ । यस अन्तर्गत चौतारीका विभिन्न अनुसन्धान एकाइ/परियोजना अन्तर्गत भएका कामको फेहरिस्त छुट्टाछुट्टै उपखण्डमा वर्णित छ । मुख्य गरी चौतारीका विभिन्न अनुसन्धान परियोजनालाई *राजनीतिक प्रवाह-पथ : लोकतन्त्र र शासनपद्धति* तथा *ज्ञान उत्पादन र वितरण* गरी दुई ओटा एकाइमा विभाजन गरिए अनुरूप नै यहाँ सम्बन्धित परियोजना अन्तर्गतका गतिविधिलाई तत् तत् उपखण्डमा समावेश गरी चर्चा गरिएको छ । अन्तिम खण्डमा चौतारीको प्रशासनिक गतिविधि अन्तर्गत प्रशासन र वित्त, अनुगमन तथा मूल्यांकन तथा जनसम्पर्क र साझेदारीसँग सम्बन्धित कार्यप्रगतिको विवरण उल्लेख गरिएको छ । साथै, चौतारीका क्रियाकलाप सम्बन्धी केही अनुसूचीलाई यो प्रतिवेदनको अन्तमा प्रस्तुत गरिएको छ ।

यो आ.व. मा ८५ ओटा नियमित छलफल र दुई ओटा अतिरिक्त गरी कुल ८७ ओटा छलफल मार्टिन चौतारीद्वारा आयोजना गरिए । यसै गरी चौतारी वार्षिक सम्मेलन, चौतारी स्थापना व्याख्यान सहित पाँच ओटा विशेष कार्यक्रम यो वर्ष आयोजना गरिए । सबैजसो नियमित तथा अतिरिक्त छलफल फेसबुक लाइभ मार्फत पनि प्रसारण गरिँदै आएको छ । यो वर्षका छलफलमा कुल १३४ जनालाई मुख्य वक्ताको रूपमा निम्त्याइयो, तीमध्ये ४१ प्रतिशत वक्ता महिला थिए । यस वर्षको चौतारी वार्षिक सम्मेलन नोभेम्बर २६–२८, २०२५ (मंसिर १०-१२, २०८२) मा आयोजना गरियो, जसमा ५८ ओटा अनुसन्धान पत्र प्रस्तुत गरिएका थिए । यसका साथै सम्मेलनको अन्तिम दिन चौतारी स्थापना व्याख्यान पनि आयोजना गरियो, जसमा राजनीतिक विश्लेषक सीके लालले प्रवचन दिनुभएको थियो ।।

चौतारीले आयोजना गरेका नियमित तथा अतिरिक्त छलफलमा यो वर्ष कम्तिमा २,३८१ जनाले भाग लिए जसमा करिब २९ प्रतिशत सहभागीहरू महिला थिए । यस हिसावले हरेक नियमित/अतिरिक्त छलफलमा औषतमा २७ जनाले सहभागिता जनाएको देखिन्छ । कतिपय सहभागीहरूको नाम हाजिरी रजिस्टरमा छुट्ने हुनाले वास्तविक सहभागीहरूको संख्या योभन्दा केही धेरै हुन जान्छ । चौतारीका छलफलहरूमा सहभागीहरूको समग्र उपस्थिति गत वर्षभन्दा करिब १०० जना घट्न पुगेको छ, यसो हुनुको कारण यो वर्ष गत वर्षभन्दा १५ ओटा कम छलफल आयोजना भएका थिए । प्रत्येक छलफलमा सरदर उपस्थितिका हिसावले हेर्दा यो वर्ष सहभागिता गत वर्षभन्दा बढ्न पुगेको छ ।

चौतारीका सबै छलफल भौतिक उपस्थितिमा हुने गर्छन् र वक्तासँग सहमति लिएर प्राय:जसो छलफल चौतारीको आधिकारिक युट्युब च्यानलबाट प्रत्यक्ष प्रसारण गर्ने गरिएको छ । युट्युब मार्फत हरेक छलफलमा छ देखि आठ जना जति सहभागीहरू जोडिने गरेका छन् । मार्टिन चौतारीको युट्युब च्यानलमा यी कार्यक्रम अभिलेखका रूपमा उपलब्ध छन् जसले अन्य समयमा पनि चौतारीमा हुने कार्यक्रम हेर्न/सुन्न सम्भव भएको छ । मार्टिन चौतारीका कतिपय नियमित तथा अतिरिक्त छलफल र कार्यशालाहरू आयोजना गर्ने क्रममा विगत वर्षहरूमा झैँ यस वर्ष पनि विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरियो, जसको विवरण तल सम्बन्धित खण्डमा दिइएको छ ।

यो आर्थिक वर्षमा विभिन्न विषयका तीन ओटा पुस्तक, *समाज अध्ययन*का एक अंक र *सिन्हास* जर्नलका दुई अंक गरी छ ओटा पुस्तकाकार सामग्री प्रकाशित भए । यसबाहेक पहिल्यै प्रकाशित दुई ओटा पुस्तकहरू पुन:मुद्रण गरिए । एउटा शोध संक्षेप, दुई ओटा सन्दर्भ सामग्रीहरूको सूची र *चौतारी त्रैमासिक बुलेटिन* का चार ओटा अंक प्रकाशन गरियो ।

यस वर्ष चौतारीको पुस्तकालयमा करिब १,५०० थान पुस्तक तथा प्रतिवेदन थपिए । त्यसमा चौतारीले खरिद गरेका पुस्तकहरूका साथै स्व. मोहनमान सैंजुको परिवारबाट उपहारस्वरूप प्राप्त १,१०० भन्दा बढी पुस्तक तथा प्रतिवेदनहरू पनि पर्दछन् । चौतारी पुस्तकालयमा राखिएको आगन्तुक दर्ता किताबमा नाम लेखेका आधारमा पुस्तकालय प्रयोगकर्ताको संख्या करिब १,१६० थियो ।



MARTIN CHAUTARI
KATHMANDU, NEPAL

यो वर्ष गत वर्षहरूमा सहयोग सम्झौता भएका विद्यालय शिक्षाको इतिहास सम्बन्धी अनुसन्धान र मार्टिन चौतारीलाई संस्थागत सहयोग सम्बन्धी दुई ओटा परियोजनाले निरन्तरता पाए।

मार्टिन चौतारी र यसले गर्ने नियमित गतिविधिहरूको दीगोपनका लागि पाँच करोड रुपैयाँ सहयोग उठाउने लक्ष्य सहित मार्टिन चौतारीका नाउँमा एउटा अक्षय कोष २०८० सालमा नै स्थापना गरिएको थियो। विभिन्न दाताहरूले गरेको सहयोग र बैंक बचतबाट प्राप्त ब्याज गरी यो कोषमा रु. एक करोडभन्दा बढी रुपैयाँ संकलन भएको छ।

यो वर्ष चौतारीको गतिविधिका लागि आवश्यकता र कार्य सम्पादन मूल्यांकनका आधारमा कार्यरत सबै कर्मचारीहरूको करारनामा एक वर्षका लागि नवीकरण गरिएको थियो। चौतारीका नियमित छलफल, कार्यशाला र सम्मेलन बाहेक बाहिरका अन्य संस्थाद्वारा आयोजित विभिन्न प्राज्ञिक कार्यक्रमहरूमा यो वर्ष चौतारीका पाँच जना अनुसन्धाताले आफ्ना अनुसन्धानमा आधारित प्रस्तुतिहरू दिनुभयो। साथै, चौतारीका अनुसन्धाताहरूलाई त्यस्ता कार्यक्रममा सहभागिता जनाउनका लागि पनि प्रोत्साहित गरियो। त्यस क्रममा सहभागिताका लागि तिर्नु परेको दर्ता शुल्क चालु परियोजनाबाट चौतारीले बेहोऱ्यो। त्यस्तै, चौतारीका अनुसन्धाता र सदस्यहरूका गरी आठ दर्जन लेख रचना तथा अन्तर्वार्ता विभिन्न पत्रपत्रिका तथा अनलाइनमा यो वर्ष प्रकाशित/प्रसारित भए।

## १। छलफल र प्रसार

### १.१। छलफल, कार्यशाला र सम्मेलन

१.१.१। *नियमित छलफल शृंखला*

मार्टिन चौतारी आफैँले वा अन्य संस्था/समूहसँग मिलेर संयुक्त रूपमा सातामा दुई दिन (आइतबार र मङ्गलबार) आयोजना गरिँदै आएका छलफल शृंखलाले यस वर्ष पनि निरन्तरता पाए । आइतबार र मङ्गलबार हुने नियमित छलफल तथा अन्य बारहरूमा चौतारी एक्लै वा सहकार्यमा भएका अतिरिक्त छलफल समेत गरी आ.व. २०८२/०८३ मा कुल ८७ ओटा छलफल भए । यीमध्ये ४१ ओटा अनुसन्धानमा आधारित आइतबारे छलफल भए भने ४४ ओटा समसामयिक विषयमा आधारित मङ्गलबारे छलफल भए । साथै, दुई ओटा अतिरिक्त छलफल भए । छलफलको दिन सार्वजनिक विदा; चाडपर्व, जेनजी आन्दोलन र चौतारीमा आयोजना भएका विशेष सेमिनार, कार्यशाला तथा कार्यक्रम परेका कारण यो वर्ष ११ ओटा आइतबारे र आठ ओटा मङ्गलबारे छलफल भने हुन सकेनन् ।

चौतारीले छलफल आयोजनाको सिलसिलामा विगतमा झैँ यो वर्ष विभिन्न सात ओटा अन्य संस्था/समूहसँग सहकार्य र कम्तीमा सात ओटा संस्था/समूहलाई विविध कार्यक्रमको लागि सभाकक्ष उपलब्ध गरायो । तीमध्ये विगतदेखि सहकार्य गर्दै आएका डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल सँगको सहकार्यमा "डेमोक्रेसी डाइलग"; ऊर्जा खबर सँगको सहकार्यमा "ऊर्जा नीति संवाद" र कर्णाली डिस्कोर्स सोसाइटी सँगको सहकार्यमा "कर्णाली डिस्कोर्स" का लागि सहकार्य भए । जुन २०२६ देखि "कर्णाली डिस्कोर्स" छलफल सह-आयोजक कर्णाली डिस्कोर्स सोसाइटीको अनुरोधमा स्थगित गरियो भने सोही महिनादेखि बडी एण्ड डाटा सँगको सहकार्यमा "प्रविधि र समाज छलफल शृंखला" शुरू गरियो ।

डिजिटल राइट्स नेपाल र LIKE Lab, Kathmandu University School of Arts सँग एक-एक ओटा र Association for Nepal and Himalayan Studies-Kathmandu Center सँग दुई ओटा छलफलमा सहकार्य गरियो । यसबाहेक बृहत् नागरिक आन्दोलन; "चकटी बहस" का लागि बुकाहोलिक्स; Discourse for Dignity का लागि डिग्निटी इनिसियटिभ; "सुम्पुलुङ बहस" का लागि किरात अन्तर्राष्ट्रिय सांस्कृतिक अभियानलाई चौतारीले विविध विषयमा मासिक रूपमा छलफल चलाउन चौतारीको सभाकक्ष नि:शुल्क उपलब्ध गरायो । यी छलफलहरू मासिक रूपमा सञ्चालन हुँदैआइरहेका थिए/छन् । यीमध्ये बृहत् नागरिक आन्दोलनले आफ्नो नियमित छलफल बन्द गऱ्यो भने किरात अन्तर्राष्ट्रिय सांस्कृतिक अभियानले जुन ५, २०२६ देखि "सुम्पुलुङ बहस" नाममा मासिक छलफल शृंखला सुरु गऱ्यो । साथै, मोतीदेवी स्मृति केन्द्र; नेपाल बसोबास बस्ती संरक्षण समाज; जेनजेड अलायन्सले पनि चौतारीको सभाकक्षमा आफ्ना केही छलफल आयोजना गरे ।

१.१.२। *छलफलका वक्ता र सहभागी*

यो वर्ष आयोजना भएका छलफलहरूमा जम्मा १३४ जनालाई मुख्य वक्ताको रूपमा निम्त्याइएको थियो; जसमा ७९ जना (५९ प्रतिशत) पुरुष र ५५ जना (४१ प्रतिशत) महिला वक्ता थिए । अघिल्लो वर्षको तथ्याङ्क केलाउने हो भने आ.व. २०८१/०८२ मा ५६ प्रतिशत पुरुष र ४४ प्रतिशत महिला वक्ता थिए । त्यसरी अघिल्लो वर्षको तथ्यांकसँग तुलना गर्दा महिला वक्ता तीन प्रतिशतले घट्न गएको देखिन्छ । दुई शृंखलालाई छुट्टाछुट्टै विश्लेषण गर्ने हो भने आइतबारे (अनुसन्धान) छलफल शृंखलामा ६३ प्रतिशत पुरुष र ३७ प्रतिशत महिला तथा मङ्गलबारे छलफल शृंखलामा ५८ प्रतिशत पुरुष र ४२ प्रतिशत वक्ता महिला थिए । अघिल्ला वर्षहरूझैँ मार्च महिनाका सबै नियमित छलफलका वक्ताहरू महिला थिए किनकि छलफल सञ्चालनको सन्दर्भमा धेरै वर्षदेखि चौतारीले मार्च महिनालाई महिला विशेष महिनाका रूपमा मनाउँदै महिलालाई मात्र वक्ताका रूपमा निम्त्याउनुपर्ने नियम बनाइ लागू गरेको छ । चौतारीमा विगतमा आयोजना भएका सबै नियमित र अतिरिक्त छलफलको विस्तृत विवरण यो लिंक https://martinchautari.org.np/public/events/past मा उपलब्ध छ ।

MARTIN CHAUTARI KATHMANDU, NEPAL

आ.व. २०८२/०८३ मा कुल २,३८१ जना चौतारीद्वारा आयोजित छलफलहरूमा सहभागी भए। यसरी हेर्दा प्रत्येक छलफलमा सरदर २७ जनाको उपस्थिति देखिन्छ। जम्मा सहभागीमध्ये १,६९६ जना (७१ प्रतिशत) पुरुष र ६८५ जना (२९ प्रतिशत) महिला थिए। चौतारीमा नियमित छलफलमा भाग लिन आउने सहभागीहरूले उपस्थिति रजिस्टरमा आफ्नो नाम दर्ता गराएको आधारमा यो सङ्ख्या निकालिएको हो। छलफलमा उपस्थित हुने सहभागी सबैले नाम लेख्ने कार्य स्वेच्छिक भएकाले छलफलमा भाग लिने वास्तविक सहभागी सङ्ख्या यो भन्दा बढी भएको अनुमान गर्न सकिन्छ। यसमा चौतारीको हल प्रयोग गरी अरूले नियमित रूपमा आयोजना गरेका छलफलका सहभागीको सङ्ख्यालाई गणना गरिएको छैन।

**मार्टिन चौतारी छलफल शृंखलाको सहभागी विवरण (आर्थिक वर्ष २०८२/०८३)**

| छलफल शृंखला | कुल कार्यक्रम संख्या | पुरुष | | | महिला | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल संख्या | प्रतिशत | औसत सहभागी संख्या | कुल संख्या | प्रतिशत | औसत सहभागी संख्या | कुल संख्या | औसत सहभागी |
| आइतबारे छलफल शृंखला | ४१ | ७२९ | ७२ | १८ | २८२ | २८ | ७ | १०११ | २५ |
| मङ्गलबारे छलफल शृंखला | ४४ | ९४० | ७१ | २१ | ३८३ | २९ | ९ | १३२३ | ३० |
| अतिरिक्त छलफल | २ | २७ | ५७ | १४ | २० | ४३ | १० | ४७ | २४ |
| जम्मा | **८७** | **१६९६** | **७१** | **१९** | **६८५** | **२९** | **८** | **२३८१** | **२७** |

चौतारीले गत वर्ष झैँ आफ्नो सामाजिक सञ्जाल (ट्वीटर/फेसबुक/इन्ट्राग्राम/युट्युब) लाई नै प्रचारको मुख्य माध्यम बनायो। यहाँ हुने अधिकांश छलफलमा वक्ताले गरेका प्रस्तुति उनीहरूसँग स्वीकृति लिएर चौतारीको युट्युब च्यानल मार्फत प्रत्यक्ष प्रसारण गर्ने गरिन्छ। चौतारीले गर्ने अधिकांश छलफलको लाइभ चौतारीकै आधिकारिक युट्युब च्यानल (https://www.youtube.com/mchautari) बाट भयो। यसको लागि जो कोहीले यही युट्युब च्यानलमा गएर चौतारीको कार्यक्रमको अभिलेख हेर्न/सुन्न सकिन्छ।

### **१.२। सम्मेलन, कार्यशाला र विशेष छलफल**

नियमित वा अतिरिक्त दिनमा हुने छलफलका अलावा चौतारीले यस आ.व. मा नियमित वार्षिक सम्मेलन, चौतारी स्थापना व्याख्यान, र अन्य कार्यशाला गरी पाँच ओटा विशेष कार्यक्रमहरू आयोजना गऱ्यो। यी चौतारीकै कुनै परियोजनाको आवश्यकता अनुसार वा परियोजनाभित्र नपरे पनि चौतारीले विशेष छलफल गर्न आवश्यक ठानेर सञ्चालन गरिएका आधा दिने, एक दिने वा त्यसभन्दा लामा कार्यक्रम हुन्।

#### १.२.१। *चौतारी वार्षिक सम्मेलन*

चौतारीले नियमित रूपमा आयोजना गर्ने चौतारी वार्षिक सम्मेलन यस वर्ष नोभेम्बर २६–२८, २०२५ (मंसिर १०–१२, २०८२) मा आयोजना गरिएको थियो। सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्ने व्यक्तिगत प्रस्तुति र प्यानलका रूपमा प्रस्तुति दिन एब्स्ट्राक्ट आह्वान गर्दै फेब्रुअरी १, २०२५ मा सूचना जारी गरिएको थियो। निर्धारित मिति जुन २२, २०२५ सम्ममा ११५ ओटा (चार



MARTIN CHAUTARI KATHMANDU, NEPAL

प्यानल सहित) एब्स्ट्राक्ट प्राप्त भयो। प्यानल एब्स्ट्राक्ट सहित ११० ओटा एब्स्ट्राक्ट छनोट गरिएको थियो। यीमध्ये तोकिएको दिनसम्म ६५ जनाले मात्र कार्यपत्र बुझाए, यसमध्ये पनि सात जनाले विविध कारणले प्रस्तुति दिन आउन नसक्ने जानकारी गराए। जसको कारण ५८ जनाले आफ्नो प्रस्तुति चौतारी वार्षिक सम्मेलन – सन् २०२५ मा प्रस्तुत गरे। प्राप्त अनुसन्धान पत्रहरूमा प्राय: हरेकमा तीन ओटा कार्यपत्र समेटेर २१ ओटा विषयगत सेसन/प्यानल बनाइएको थियो। यसबाहेक दुई ओटा खुला सेसन सञ्चालन भयो। जुन सेसनमा जोसुकैले नि:शुल्क सहभागी हुन पाउने व्यवस्था थियो। हरेक सेसनमा प्रस्तुत हुने पेपरमाथि समग्र टिप्पणी गर्न र सेसन सञ्चालन गर्न सेसनपिच्छे एक-एक जना सहजकर्ता तोकिएको थियो। सबै प्रस्तोता र सेसनका सहजकर्ता गरी जम्मा ९३ जना सहभागीमध्ये ५५ जना पुरुष र ३८ जना महिला थिए। तीमध्ये १३ महिला र ६ पुरुष गरी कुल १९ जना विदेशी प्रस्तोता र सहजकर्ता थिए। मार्टिन चौतारीका कर्मचारी र सदस्यहरूलाई निःशुल्क सहभागिताको व्यवस्था थियो। यसबाहेक १४८ जनाले शुल्क तिरेर नाम दर्ता गरे। सहभागिताका लागि प्रतिव्यक्ति रु. १,००० राखिएको थियो। सम्मेलनमा सबै गरी पहिलो दिन १८४ (पुरुष ८२ र महिला १०२); दोस्रो दिन १४१ (पुरुष ६६ र महिला ७५); र तेस्रो दिन १२३ (पुरुष ५७ र महिला ६६) जनाको उपस्थिति रहेको थियो। सम्मेलनबारे थप विवरण यो लिंकमा गई हेर्न सकिनेछ: https://martinchautari.org.np/events/chautari-annual-conference-2025

१.२.२। *चौतारी स्थापना व्याख्यान्*

चौतारी स्थापना भएको मिति आसपासमा गर्न थालिएको यस चौतारी स्थापना व्याख्यान्मा प्रबुद्ध व्यक्तित्वलाई निश्चित विषयमा प्रवचन दिन लगाइन्छ। सन् २०२५ को लागि "Reflections of a Madheshi About Nepali 'Mainstream' History, Memory, Recollections, and Remembrance" शीर्षकमा राजनीतिक विश्लेषक सीके लालले प्रवचन दिनुभयो। यो व्याख्यान् मंसिर १२, २०८२ (नोभेम्बर २८, २०२५) मा मार्टिन चौतारीमा आयोजना भएको थियो। यस कार्यक्रममा विभिन्न पेशा र क्षेत्रका गरी १५० जनाभन्दा बढी व्यक्तिहरू सहभागी थिए।

१.२.३। *रिडिङ सेमिनार र कार्यशाला*

चौतारीले सन् २०१५ देखि हरेक वर्ष विविध विषयमा गर्दैआएको सशुल्क रिडिङ सेमिनारलाई निरन्तरता दिने उद्देश्यले यस वर्ष एउटा रिडिङ सेमिनार तय गरी सहभागिताका लागि आवेदन आह्वान गरिएको थियो। Global History of Mountaineering and the Himalaya शीर्षकमा मे १८, २०२६ देखि जुन ४, २०२६ सम्म प्रत्येक सोमबार र बिहीबार गरी कुल छ ओटा सत्र सञ्चालन गर्ने योजना थियो। सेमिनारको स्रोत व्यक्तिका रूपमा भारतको अशोका विश्वविद्यालयमा इतिहास विभागका उप-प्राध्यापक Gaurav C. Garg लाई निम्ता गरिएको थियो। तथापि, उक्त सेमिनारमा सहभागिताको लागि कुनै आवेदन नपरेकाले निर्धारित उक्त सेमिनार रद्द भयो। त्यसको ठाउँमा गौरव गर्गलाई नै स्रोत व्यक्तिका रूपमा निम्त्याई मार्टिन चौतारीले विश्वविद्यालयमा कार्यरत विद्यार्थीका लागि लक्षित गरी Workshop on Doctoral Studies in the Humanities and the Interpretative Social Sciences शीर्षकको एक कार्यशाला मे १७, २०२६ आयोजना गरियो। यसबारे थप विवरण https://martinchautari.org.np/public/events/public-announcement-and-call-to-register-for-the-workshop-on-may-17-with-gaurav-c-garg मा उपलब्ध छ।

त्यसै गरी भर्जिनिया टेक अमेरिकाकी सह-प्राध्यापक डा. स्वेता बानियालाई विदाको समयमा उहाँ नेपाल आउने अवसर पारी मार्टिन चौतारीले एउटा कार्यशाला चलाइदिन अनुरोध गरेको थियो। सो अनुरोध स्वीकार गरी डा. बानियाले डिसेम्बर २१, २०२५ मा Qualitative Methods Workshop: Discourse Analysis शीर्षकमा कार्यशाला चलाउनुभयो। यसबारे थप



MARTIN CHAUTARI KATHMANDU, NEPAL

विवरण https://martinchautari.org.np/events/ qualitative-methods-workshop-discourse-analysis-with-dr-sweta-baniya मा उपलब्ध छ ।

यस बाहेक सुशासनको क्षेत्रमा काम गर्दैआएको संस्था गभर्नेन्स ल्याब (Governance Lab) प्रा.लि. र मार्टिन चौतारीको सहकार्यमा Gyaan Shrinkhala: Short Course on Governance on “The Burrowed Futures of Nepal’s Foreign Policy” शीर्षकमा कार्यशाला पनि आयोजना गरियो । यो कार्यशाला जुलाई २–४, २०२६ सम्म मार्टिन चौतारीको सभाकक्षमा भएको थियो । यसमा मार्टिन चौतारीकै सदस्य तथा अन्तर्राष्ट्रिय सम्बन्धका अध्येता डा. भाष्कर गौतम स्रोत व्यक्ति हुनुहुन्थ्यो । यस कार्यशालामा १० जना पुरुष र १० जना महिला गरी २० जनाले सहभागिता जनाए । गभर्नेन्स ल्याब र मार्टिन चौतारीबीच युवा सहभागीहरूलाई लक्षित गरी सेप्टेम्बर २०२६ सम्म ज्ञान शृंखला अन्तर्गत अरू केही छोटा कार्यशाला सयुक्त रूपमा आयोजना गर्ने समझदारी भएको छ ।

**१.२। प्रकाशन**

यो आर्थिक वर्षमा तीन ओटा पुस्तक, *समाज अध्ययन* जर्नलको एक अंक, *स्टडिज इन नेपाली हिस्ट्री एन्ड सोसाइटी* (सिन्हास) जर्नलका दुई अंक प्रकाशन भए । चौतारीले पहिले नै प्रकाशन गरेका दुइटा पुस्तक *School Education in Nepal: History and Politics of Governance and Reforms* (सन् २०२१) र *Nepal in the Long 1950s* (सन् २०२४) को मौज्दात सकिएको (आउट अफ स्टक भएको) ले पुनःमुद्रण गरियो । गएको आर्थिक वर्षमा प्रकाशित पुस्तक/जर्नल/शोध-संक्षेप निम्नानुसार छन् :

***जयतु संस्कृतम् आन्दोलन र संस्कृत शिक्षा***

नेपालका मूर्धन्य इतिहासकार महेशराज पन्तले *समाज अध्ययन*को अंक २० मा यही शीर्षकमा एउटा लेख लेख्नुभएको थियो । लेखको मूल पाठ जर्नलमा प्रकाशन गरिए पनि धेरै लामो भएकाले परिशिष्ट खण्ड प्रकाशन गर्न सकिएको थिएन । सोही मूल आलेखलाई सामान्य परिमार्जन गरी परिशिष्ट खण्डसमेत राखी यो पुस्तक प्रकाशन गरिएको हो । नेपालको शैक्षिक इतिहास, शैक्षिक आन्दोलन र संस्कृत शिक्षाबारे चासो-रुचि राख्ने सबैलाई यो पुस्तक उपयोगी हुने ठानिएको छ । पुस्तकको विषयसूची तलको लिंकमा हेर्न सकिन्छ : https://martinchautari.org.np/mc-publications/jayatu-sanskritam-movement-and-sanskrit-education

***इन्फ्रास्ट्रक्चर्स अफ डेमोक्रेसी: पोलिटिक्स एण्ड प्रोसेसेज अफ रोड बिल्डिङ इन रुरल नेपाल***

यो पुस्तकको सम्पादन क्याथरिन र्‍यान्किन, सारा स्नाइडरम्यान र मुक्तसिंह तामाङले गर्नुभएको हो । हालको समयमा भौतिक संरचनाउपर समाज वैज्ञानिकहरूको र अझ मानवशास्त्रीहरूको चासो बढेको छ । सोही क्रममा नेपालको सडक निर्माणको राजनीति र प्रक्रियामा केन्द्रित रही एउटा वृहत् अध्ययन नेपालमा गरिएको थियो । नेपालको पश्चिमी पहाडी/हिमाली जिल्ला हुम्ला, मध्य नेपालको दोलखा जिल्ला र पूर्वी तराईको मोरङमा भएको सडक निर्माणलाई सो अध्ययनमा केन्द्रमा राखिएको थियो । सोही अध्ययनको उपज यो पुस्तक हो । यो पुस्तकमा परिचय, हुम्ला, दोलखा र मोरङमा केन्द्रित परिच्छेद, निष्कर्ष र “आफ्टरवर्ड” गरी छ ओटा परिच्छेद छन् । हुम्लाको परिच्छेद पुष्प हमाल र तुलसी शरण सिग्देलले, दोलखाको परिच्छेद मार्टिन चौतारीका सदस्य श्याम कुँवरले र मोरङको परिच्छेद लगन राईले लेख्नुभएको हो । सम्पादकहरूले चाहिँ परिचय र निष्कर्ष खण्ड लेख्नुभएको हो । यो पुस्तक नेपालको भौतिक विकास या पूर्वाधारको प्रकृया तथा अर्थ-राजनीतिबारे चासो राख्ने जोसुकैलाई उपयोगी छ । यो पुस्तकबारे थप विवरण यो लिंकमा उपलब्ध छ : https://martinchautari.org.np/mc-publications/infrastructures-of-democracy-politics-and-processes-of-road-building-in-rural-nepal



MARTIN CHAUTARI KATHMANDU, NEPAL

### *नेपाल्स इकोनोमिक ट्रान्सफर्मेशन युजिङ इट्स सरप्लस इनर्जी*

जलविद्युत नेपालको विकासको मेरुदण्ड हो । केही वर्षअघि लोडशेडिङको मारले आक्रान्त नेपालले हाल खास गरी गर्मी मौसममा आफूले उपभोग गर्न सक्नेभन्दा बढी बिजुली उत्पादन गर्न थालिसक्यो । सो बढी भएको बिजुलीलाई प्रयोग गरी नेपालको आर्थिक रुपान्तरण गर्ने उपायहरू यो पुस्तकमा पस्किइएको छ । मार्टिन चौतारीका संस्थापकमध्येका एक विकास पाण्डेले लेख्नुभएको यो सामग्री पहिले लेखका रूपमा *सिन्हास* जर्नलमा छापिएको थियो । सोही लेखलाई सामान्य परिमार्जन गरी यसलाई पुस्तकाकार रूपमा प्रकाशन गरिएको हो । नेपालको जलविद्युत र त्यसको प्रयोगबाट हुनसक्ने नेपालको रूपान्तरणबारे चासो राख्ने जोसुकैलाई यो पुस्तक उपयोगी हुनेछ । पुस्तकबारे थप विवरण तलको लिंकमा उपलब्ध छ : https://martinchautari.org.np/mc-publications/nepal-s-economic-transformation-using-its-surplus-electricity

### *जर्नलः समाज अध्ययन र सिन्हास*

यो आर्थिक वर्ष *समाज अध्ययन* जर्नलको एक अंक र *स्टडिज इन नेपाली हिस्ट्री एन्ड सोसाइटी* (सिन्हास) जर्नलका दुई अंक प्रकाशित भए । *समाज अध्ययन*को २१ औँ अंकमा छ ओटा लेख, एउटा अभिलेख, एउटा पूर्वप्रकाशित सामग्री, एउटा संस्मरण र तीन ओटा पुस्तक समीक्षाका साथै *समाज अध्ययन*को ११ देखि २१ अंकसम्म प्रकाशित लेख/लेखक सूची समेत छापिएका छन् । यो अंकको विषयसूची निम्न लिंकमा उपलब्ध छः https://martinchautari.org.np/mc-publications/samaj-adhyayan-21

त्यस्तै, यो वर्ष प्रकाशित *सिन्हास* जर्नलको वर्ष ३० अंक २ (डिसेम्बर २०२५) मा दुइटा लेख, दुइटा टिप्पणी, एउटा व्याख्यान, एउटा "नोट्स फ्रम द आर्काइभ", एउटा रिभ्यू एस्से, र चार ओटा पुस्तक समीक्षा समावेश छ । यो अंकको विषय सूची निम्न लिंकमा उपलब्ध छ : https://www.martinchautari.org.np/mc-publications/sinhas-volume-30-number-2

त्यस्तै, वर्ष ३१ अंक १ (जुन २०२६) मा चार ओटा लेख, एउटा अनुवाद, एउटा टिप्पणी, एउटा रिभ्यू एस्से र पाँच ओटा पुस्तक समीक्षा छन् । विषयसूचीका लागि हेर्नुहोस्, https://www.martinchautari.org.np/mc-publications/sinhas-volume-31-number-1 । सदा झैँ यो अंकमा पनि नेपाली र विदेशीहरूका लेख संगृहीत छन् । यो अंकको सम्पूर्णजसो काम सकिए पनि आउने आर्थिक वर्षको शुरूतिर मात्र प्रेसबाट छापिएर आउनेछ ।

### *शोध-संक्षेपः उच्च शिक्षामा बढ्दो लैंगिक समानता*

यो आ.व. मा मार्टिन चौतारीले एउटा शोध-संक्षेप पनि प्रकाशन गरेको थियो। उच्च शिक्षामा बढ्दो लैंगिक समानता शीर्षकको यो संक्षेपको लेखन लोकरञ्जन पराजुलीले गर्नुभएको हो । यो संक्षेप निम्न लिंकमा उपलब्ध छ : https://martinchautari.org.np/mc-publications/Increasing-gender-equality-in-higher-education

### *चौतारी त्रैमासिक बुलेटिन*

उल्लिखित प्रकाशनहरू बाहेक दुई वर्ष अघिदेखि मार्टिन चौतारीका गतिविधिहरूलाई अझ व्यवस्थित र नियमित रूपले प्रचारप्रसार गर्ने उद्देश्यले अंग्रेजी भाषामा त्रैमासिक बुलेटिन (न्युजलेटर) प्रकाशन गर्न थालिएको थियो । अनलाइन प्रकाशन हुने यो बुलेटिनलाई *Chautari Quarterly Newsletter* नाम दिइएको छ । यो आर्थिक वर्षमा प्रकाशित चार बुलेटिनहरूका लिंक तल दिइएको छ ।

अंक १०. https://martinchautari.org.np/storage/files/chautari-quarterly-newsletter-no-10-july-september-2025.pdf



MARTIN CHAUTARI KATHMANDU, NEPAL

अंक ११. https://martinchautari.org.np/storage/files/chautari-quarterly-newsletter-no-11-october-december-2025.pdf
अंक १२. https://martinchautari.org.np/storage/files/newsletter-no-12-january-march-2026-31-march-2026.pdf
अंक १३. https://martinchautari.org.np/storage/files/newsletter-no-13-april-june-2026-3-july-2026.pdf

***सन्दर्भ-सामग्री***

विगत वर्षहरूमा झैं यस वर्ष पनि मार्टिन चौतारीले दुई सन्दर्भ सामग्रीहरू अनलाइनमा प्रकाशन गऱ्यो। यसरी प्रकाशित सन्दर्भ सामग्रीहरू निम्न छन् :

१) नेपालको समाज विज्ञान सम्बन्धी प्राज्ञिक लेखहरूबारेको परिमार्जित सन्दर्भ सामग्री। यो सामग्रीको संकलन प्रत्यूष वन्तले गर्नुभएको हो। https://martinchautari.org.np/mc-publications/bibliography-of-academic-writings-and-reflections-on-social-science-research-in-nepal

२) गोर्खाहरूबारेका चुनिन्दा सामग्रीहरूको सूची। यो सन्दर्भ सामग्रीको सूची सञ्जय शर्माले तयार गर्नुभएको हो। https://martinchautari.org.np/mc-publications/bibliography-of-selected-works-on-the-gurkhas

### १.३। मार्टिन चौतारी पुस्तकालय

#### *१.३.१ पुस्तक*

मार्टिन चौतारी पुस्तकालयमा यस आर्थिक वर्षमा जम्मा २८८ थान पुस्तकहरू खरिद गरिए। यस बाहेक यो वर्ष विभिन्न संघ संस्था र व्यक्तिहरूबाट उपहार स्वरूप १,२१३ थान पुस्तक, पुस्तिका, शोधपत्र, प्रकाशित/अप्रकाशित प्रतिवेदन, आदि प्राप्त भए। समग्रमा यस वर्ष पुस्तकालयमा १,५०१ थान पुस्तक तथा अन्य सामग्रीहरू थपिए। पुस्तकालयमा प्रयोग गरिएको कोहा सफ्टवेयरमा उपलब्ध जानकारी अनुसार अहिले पुस्तकालयमा क्याटलग भइसकेका पुस्तक तथा अन्य सामग्रीको संख्या जम्मा २७,१९५ पुगेको छ। यसमा पुस्तकहरूका साथै, ग्रन्थसूचीहरू, प्रकाशित/अप्रकाशित प्रतिवेदनहरू, शोधपत्रहरू पनि पर्दछन्। कुल सामग्रीहरूमध्ये जम्मा किताब २१,७९६ थान, प्रतिवेदन ३,३२२ थान, शोधपत्र ३४९ थान, पुस्तिका ९१५ थान, सन्दर्भ सामग्रीको सूची १३३ र बाँकी अन्य सामग्रीहरू छन्। भाषागत आधारमा हेर्ने हो भने अंग्रेजी भाषाका सामग्री १७,०६३ थान, नेपाली भाषाका ९,२९८ थान, हिन्दी १३० थान, नेवारी ९३ थान र बाँकी अन्य भाषाका सामग्रीहरू छन्। यसबाहेक संकलित जर्नल, म्यागेजिन, स्मारिका तथा पत्रपत्रिका गरी ठूलो संख्यामा रहेका सामग्रीहरू पनि पुस्तकालयमा सङ्कलित छन्। यसको छुट्टै सूची बनाइएको छ र सो सूची चौतारीको वेबसाइटको पुस्तकालय पेज अन्तर्गत (https://martinchautari.org.np/library) हेर्न सकिन्छ। विगतमा झैँ यस वर्ष पनि मार्टिन चौतारीले नेपाल बाहिरबाट प्रकाशित हुने तथा काठमाडौँको बजारमा ढिलो आइपुग्ने किताबहरू नेपाल बाहिरबाट आउने धेरै जना शुभेच्छुकहरूको सहयोगमा ल्याउने काम गरियो।

#### *१.३.२ जर्नल, म्यागेजिन र पत्रपत्रिका*

पुस्तकालयमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलको राम्रो संकलन छ। पुस्तकालयमा नेपाल बाहिरबाट प्रकाशित २७ थरी जर्नल छन् भने नेपालबाट प्रकाशित ४५८ थरीका जर्नल छन्। यीमध्ये कतिपय जर्नलहरूका पूरै अङ्कहरू तथा कतिपयका अपूरा सेट पुस्तकालयमा भौतिक तथा डिजिटाइज्ड रूपमा संगृहित छन्। नयाँ शीर्षकका जर्नलहरू थप गर्न तथा पुरानो जर्नलका थप अंक जम्मा गर्ने कार्य यस वर्ष पनि निरन्तर रूपमा भयो। जर्नलका केही अंकहरू खरिद गरियो भने केही अंक शुभेच्छुक मार्फत उपहार स्वरूप प्राप्त भयो।



MARTIN CHAUTARI KATHMANDU, NEPAL

पुस्तकालयमा संकलित राजपत्र, म्यागेजिनहरू मासिक, पाक्षिक र साप्ताहिक पत्रपत्रिकाहरूको व्यवस्थापन सजिलो होस् भन्ने हेतुले तिनलाई व्यवस्थित बुक बाइन्डिङ गर्ने गरिएको छ । यस आर्थिक वर्षमा पनि त्यस्ता म्यागेजीनहरूको १५ ओटा बाइन्डिङ गरियो । हालसम्म पुस्तकालयमा जम्मा ३० शीर्षकका म्यागेजिनहरू बाइन्डिङ गरी राखिएका छन् । यसभित्र नियमित प्रकाशन भइरहेको तथा बन्द भइसकेका म्यागेजिनहरू पर्छन् । अहिले पुस्तकालयमा नेपाली भाषाका तीन र अङ्ग्रेजी भाषाका दुई शीर्षकका गरी पाँच म्यागेजिनहरू खरिद गरी उपलब्ध गराइराखिएको छ ।

पुस्तकालयमा हाल नियमित खरिद गरी संगृहित दैनिक अखबारको संख्या १६ छ भने साप्ताहिक अखबारको संख्या दुई छ । दैनिक अखबारमध्ये नेपाली भाषाका ११ अखबार छन् भने अंग्रेजी भाषाका पाँच थरी अखबार छन् । यसै गरी साप्ताहिक अंग्रेजी भाषाका दुई थरी अखबार छन् । पुस्तकालयमा संगृहित नयाँ तथा पुराना दैनिक पत्रिकाहरू प्रयोगकर्ताहरूलाई प्रयोग गर्न सजिलो होस् र सुरक्षित रहोस् भन्ने हेतुले फाइलिङ गर्ने गरिएको छ । यस वर्ष पनि १३२ ओटा त्यस्ता फाइलिङ तयार गरिएको छ । पुस्तकालयमा संगृहित दैनिक/साप्ताहिक अखबारहरूको सूची चौतारीको वेबसाइटमा पुस्तकालय पेज अन्तर्गत निम्न लिंकहरूमा हेर्न सकिन्छ : https://martinchautari.org.np/storage/files/daily-newspaper-holdings-v6.pdf; https://martinchautari.org.np/storage/files/weekly-newspaper-holdings-v6.pdf

### *१.३.३ विभिन्न दाताहरूबाट प्राप्त पाठ्य सामग्रीहरूको सङ्कलन र व्यवस्थापन*

स्मारिका र विभिन्न किसिमका साहित्यिक शीर्षकका पत्रपत्रिकाहरूको छुट्टै सूची बनाई व्यवस्थित गर्दा रेग्मी कलेक्सनको सूचीमा ४७२ ओटामा केही स्मारिका र साहित्यिक पत्रिकाहरू थिए । मार्टिन चौतारीमा पहिल्यैदेखि संकलनमा रहेका र शिव रेग्मीको परिवारबाट प्राप्त गरी जम्मा ९३६ ओटा साहित्य तथा अन्य शीर्षकका पत्रपत्रिकाहरू पुस्तकालयमा छन् । चौतारीमा संगृहित ती पत्रपत्रिकाहरूको सूची निम्न लिंक मार्फत हेर्न सकिन्छ : http://107.170.225.98/cgi-bin/koha/opac-detail.pl?biblionumber=22954&query_desc=kw%2Cwrdl%3A%20Aman%20garu । स्वर्गीय शिव रेग्मीको परिवारबाट प्राप्त सबै म्यागेजिनहरू मदन पुरस्कार पुस्तकालयले त्यहाँ लगेर डिजिटाइज गर्ने र एक प्रति मार्टिन चौतारी पुस्तकालयलाई उपलब्ध गराउने सम्झौता बमोजिम डिजिटाइज गर्ने काम पनि भइरहेको छ ।

त्यसै गरी स्व. मोहनमान सैंजुको परिवारबाट गत वर्ष प्राप्त भएका पुस्तक तथा प्रतिवेदन बाहेकका फुटकर सामग्रीहरू पनि स्क्यान गरी डिजिटाइज गर्ने कार्य गरिएको छ । गत वर्ष स्व. सैंजुको परिवारबाट उहाँले संकलन गर्नुभएका पुस्तक, प्रतिवेदन, जर्नल तथा अन्य फुटकर अभिलेख/दस्तावेज, आदि गरी करिब १,४५० जति सामग्रीहरू मार्टिन चौतारी पुस्तकालयलाई प्रदान गर्नुभएको थियो । तीमध्ये १४२ थान पुस्तक, ९६५ थान प्रतिवेदन, ३२ थान विभिन्न शीर्षकका जर्नल र बाँकी विभिन्न कागजात/दस्तावेज थिए । सन् १९७० देखि सन् १९९० को अवधिका प्रकाशित/अप्रकाशित ती सामग्रीहरू नेपालको विकास योजना, कृषि, जनसंख्या, अर्थतन्त्र, भूमि व्यवस्थापन, गरिबी निवारण तथा वन संरक्षण जस्ता विषयका थिए । प्राप्त सामग्रीहरूमध्ये पुस्तक, प्रतिवेदन तथा जर्नलहरू चौतारीको पुस्तकालय क्याटलगमा “सैंजु कलेक्सन” अन्तर्गत प्रवृष्टि गरी प्रयोगकर्ताहरूका लागि उपलब्ध गराइएको छ भने अन्य महत्त्वपूर्ण दस्तावेजहरू डिजिटाइज गरी राखिएको छ । डिजिटाइज गरिएका फुटकर दस्तावेज/कागजातहरूलाई पनि निश्चित किसिमले क्याटलगिङ गरी प्रयोगकर्ताका लागि उपलब्ध गराउँदै जाने योजना छ ।

चौतारी पुस्तकालयलाई सहृदयी दाताहरूबाट पुस्तक तथा अन्य पाठ्य सामग्री सहयोग स्वरूप प्राप्त हुने क्रम यो वर्ष पनि जारी रह्यो । गत वर्षझैँ यस वर्ष पनि कतारस्थित जर्जटाउन युनिभर्सिटीबाट चौतारी पुस्तकालयलाई डेढ दर्जनभन्दा बढी किताबहरू प्राप्त भए । त्यस्तै, अमेरिकाको शिकागोस्थित युनिभर्सिटी अफ इलिनोइसका प्राध्यापक तथा *सिन्हास* जर्नलका एक सम्पादक मार्क लिक्टीबाट पनि पुस्तकालयलाई एक सयभन्दा बढी पुस्तकहरू सहयोगस्वरूप प्राप्त भयो । तीमध्ये विभिन्न व्यक्तिहरूमार्फत ६० ओटा किताबहरू चौतारी पुस्तकालयमा आइपुगेको छ भने अरू आउन बाँकी छ । यसरी पुस्तकालयमा आइपुगेका सबै पुस्तकहरू चौतारीको क्याटलगमा समावेश भइसकेका छन् ।

MARTIN CHAUTARI KATHMANDU, NEPAL

### १.३.४ *अन्य कार्य*

चौतारीमा डिजिटल आर्काइभलाई विस्तार गर्ने सिलसिलामा यस वर्ष पनि मार्टिन चौतारीको पुस्तकालयमा पञ्चायत व्यवस्था सम्बन्धी ऐतिहासिक सामग्रीहरूको थप स्क्यान गरिएको छ । यीमध्ये पञ्चायती राज्यका विभिन्न निकायद्वारा व्यवस्थाको प्रचार वा प्रवर्द्धन गर्ने उद्देश्यले प्रकाशित गरेका करिब सात दर्जन सामग्रीहरूलाई चौतारीको वेबसाइटमा राखिएको छ । ती सामग्री निम्न लिंकमा गई पढ्न सकिन्छ: www.martinchautari.org.np/blogs/ panchayat-system । यसबाट बजारमा प्राय: अप्राप्य र विभिन्न स्थानमा छरिएका सामग्रीहरू अनुसन्धानकर्ताहरूका लागि एकै ठाउँमा पाउन सहज हुन पुगेको छ । यस्ता किसिमका सामग्रीहरू अरू पनि खोजेर आगामी दिनमा सर्वसुलभ गराउँदै लगिनेछ ।

यी बाहेक चौतारीमा संगृहित विभिन्न शीर्षकका जर्नल, बुलेटिन, म्यागेजिनका अंकहरू पनि डिजिटाइज गर्ने काम निरन्तर रूपमा अगाडि बढिरहेको छ । पुस्तक, जर्नल, म्यागेजिन बाहेक चौतारीलाई आवश्यक पर्ने लेखहरू जस्तै, नेपाल सम्बन्धी लेखहरूको डिजिटल संकलनको काम पनि अगाडि बढिरहेको छ । डिजिटल रूपमा उपलब्ध हुने १६ किसिमका दैनिक पत्रपत्रिकाहरू, म्यागेजिन, प्रतिवेदनहरू पनि क्रमबद्ध रूपमा आर्काइभिङ्ग गर्ने काम पनि जारी छ ।

विगत झैँ यस वर्ष पनि पुस्तकालयले न्युज क्लिपिङ्सको काम निरन्तरता दिइयो । चौतारीमा हुने अनुसन्धानलाई ध्यानमा राखी विभिन्न शीर्षकका, जस्तै Book Review, Digital Technology, Higher Education, History, Language, Library, Media, Medical College, NGO/INGO, Research, School Education, Technical Education, आदिसँग सम्बन्धित क्लिपिङ्सहरूको डिजिटल फाइल बनाएर चौतारी पुस्तकालयको आर्काइभमा राखिएको छ । विभिन्न अखबार, अनलाइन अखबार पोर्टल र म्यागेजिनमा आएका लेख तथा समाचार समावेश गरी त्यस्ता न्युज क्लिपिङ्स तयार गरिँदै आएको छ । यसका साथै चौतारीको सदस्य, कर्मचारी तथा अनुसन्धानकर्ताबाट लेखिएको लेखहरू पनि संकलन गरी छुट्टै फोल्डरमा राखिएको छ । साथै ती लेखहरू चौतारीको वेबसाइट अन्तर्गत Chautarian Speak पेजमा पनि उपलब्ध छन् ।

पुस्तकालयको क्याटलगमा पुस्तक तथा अन्य सामग्रीहरू प्रविष्टि गर्दा हुन पुगेका गल्तीहरू सुधार गर्ने कार्य निरन्तर रूपमा भइरहेका छन् । नेपाली भाषाका सामग्रीहरू क्याटलगमा सहजै भेटियोस् भन्ने उद्देश्यले तिनलाई नेपाली युनिकोड र रोमन अङ्ग्रेजी दुवै भाषामा प्रविष्टि गर्ने कार्य पनि निरन्तर रूपमा अगाडि बढिरहेको छ । दोहोरिएका पत्रपत्रिकाहरू रुजु गरी छुट्ट्याएर राख्ने काम जारी नै छ । स्मारिकाको उचित व्यवस्थापनको लागि स्मारिकालाई दुई शीर्षकमा (अर्थात शैक्षिक संस्था र बाँकी अरू) छुट्ट्याएर राखिएको छ । यो वर्ष पनि निरन्तर गरियो ।

पुस्तकालयले चलाउँदै आएको अनलाइन क्याटलग कोहा होस्टिङको नवीकरण बानेश्वरको टेक आउट सोलुसन्स प्रा.लि. सँग गरिँदै आएको छ । नियमित सरसफाइका साथै धमिरा/कीराबाट किताब र न्याकलाई बचाउन समय समयमा फिनेल राख्ने काम गरिएको छ ।

### १.३.५ *प्रयोगकर्ता*

यस आर्थिक वर्ष पुस्तकालयमा प्रयोगकर्ताको रूपमा १,१६० जनाले नाम दर्ता गरेका छन् । साथै, प्रयोगकर्ता सबैले आफ्नो नाम दर्ता नगर्ने हुनाले माथि उल्लिखित संख्या यथार्थमा अझै बढी हुनसक्छ । पुस्तकालयले प्रदान गर्दैआएको विभिन्न नि:शुल्क सेवा सुविधामध्ये पुस्तक, पुस्तिका, प्रतिवेदन, शोधपत्र, म्यागेजिन, आदि सामग्रीको प्रयोग ५,८०९ पटक भएका छन् । पत्रपत्रिकाका आर्काइभ हेर्न नाम दर्ता गर्नेको संख्या २६० छ । यस तथ्यांकमा चौतारीका सदस्य, अनुसन्धाता र कर्मचारीले लिएको सेवा गणना गरिएको छैन । प्रयोगकर्ताहरूले आफ्नो ल्यापटप वा अन्य उपकरण मार्फत अध्ययन कक्षमा बसेर आफ्नो अध्ययन अनुसन्धानको प्रयोजनका लागि नि:शुल्क इन्टरनेट चलाउन सक्छन् । फोटोकपि र प्रयोगकर्तालाई आवश्यक सामग्रीको स्क्यान स:शुल्क रूपमा उपलब्ध गराउने सेवालाई पनि यस आर्थिक वर्षमा निरन्तरता दिइयो ।



MARTIN CHAUTARI KATHMANDU, NEPAL

## २। अनुसन्धान र ज्ञान उत्पादन

### २.१. राजनीतिक प्रवाह-पथ : लोकतन्त्र र शासनपद्धति

#### *२.१.१. संघीय संक्रमणकाल सम्बन्धी अनुसन्धान र बहस*

यस वर्ष नेपालको संघीय संक्रमणकालबारे अनुसन्धान र प्रकाशनका कामहरू नभए पनि केही छलफलहरू गरिए जस अन्तर्गत डेमोक्रेसी रिसोर्स सेन्टर सँगको सहकार्यमा डेमोक्रेसी डाइलग अन्तर्गत धेरैजसो छलफलहरू आयोजना गरिएका थिए। केही छलफल भने कर्णाली डिस्कोर्स सोसाइटी सँगको सहकार्यमा गरिएका हुन्। ती छलफलको सूची निम्नानुसार छ :

- 12 August 2025/२७ साउन २०८२
  *(कर्णाली डिस्कोर्स सोसाइटी र मार्टिन चौतारीको संयुक्त आयोजना)*
  **राजनीतिक बहसमा कर्णालीका मुद्दाहरू : किन दोहरिन्छन्, कहिले फेरिन्छन् ?**
  कान्तिका सेजुवाल, सांसद/केन्द्रीय सदस्य, नेपाली काँग्रेस, जुम्ला
  डा. दीपेन्द्र रोकाया, संयोजक, नेकपा (माओवादी केन्द्र), हुम्ला
  नीरज आचार्य, केन्द्रीय सदस्य, नेकपा (एमाले), जाजरकोट
- 19 August 2025/३ भदौ २०८२
  *(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*
  **उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन : सार्वजनिक वित्त सुधारको मार्गचित्र**
  अर्पिता नेपाल, अनुसन्धान निर्देशक, समृद्धि फाउण्डेशन
  डा. कल्पना खनाल, वरिष्ठ अनुसन्धानकर्ता, नीति अनुसन्धान प्रतिष्ठान
- 14 October 2025/२८ असोज २०८२
  *(कर्णाली डिस्कोर्स सोसाइटी र मार्टिन चौतारीको संयुक्त आयोजना)*
  **जेन-जी आन्दोलनपछि सुशासनको नयाँ अनुशासन : कर्णालीमा स्थानीय तहका सवालहरू**
  देवकी तिमल्सिना, उपाध्यक्ष, सर्केगाड गाउँपालिका (हुम्ला)
  राजेन्द्र अधिकारी, जेन-जी युवा अभियन्ता(दैलेख)
  सोमत घिमिरे, संघीय मामिलाका जानकार अनुसन्धाता
- 18 November 2025/२ मंसिर २०८२
  *(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*
  **दलीय राजनीति र राजनीतिक अभियानको दोसाँधमा जेन-जी समूह**
  माजित अन्सारी, लिगल अवेयरनेश क्याम्पेनर
  मोनिका निरौला, क्वेयर इन्टरसेक्शनल एक्टिभिस्ट
- 16 December 2025/१ पुस २०८२
  *(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*
  **नयाँ राजनीतिक दलको उदय र पुराना दलको पुनर्गठनको बहस**

केशव दाहाल, लेखक/राजनीतिक अभियन्ता

नुमा लिम्बु (चञ्चला), अध्यक्ष, समावेशी समाजवादी पार्टी

- 20 January 2026/६ माघ २०८२
  *(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*
  **राजनीतिक अस्थिरताको बीचमा सार्वजनिक सेवा : जनअपेक्षा र राज्यका चुनौती**
  विद्याधर मल्लिक, पूर्वमन्त्री तथा पूर्वप्रशासक

- 3 February 2026/२० माघ २०८२
  **नेपालको अबको राजनीति : कसले कसको प्रतिनिधित्व गर्ला ?**
  झलक सुवेदी, लेखक/राजनीतिक विश्लेषक

- 17 February 2026/५ फागुन २०८२
  *(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*
  **मेरो पहिलो मत : अधिकार र जिम्मेवारी**
  अरुण सिंह नेपाली; र मोनीषा चौधरी; पहिलो पटकको मतदाता, प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२

- 17 March 2026/३ चैत २०८२
  *(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*
  **'विशेष निर्वाचन' का विशेषताहरू**
  रीता साह, लेखक/अनुसन्धाता
  यजस्वी राई, सभापति, युथ कांग्रेस नेपाल/सामाजिक अभियन्ता

- 24 March 2026/१० चैत २०८२
  **जेन-जी आन्दोलनपछि युवा महिला : सहभागिता मात्र कि नेतृत्व पनि ?**
  साङ्केन राई, आदिवासी जेन-जी कलेक्टिभ/जेन-जी मुभमेन्ट अलायन्स
  लक्ष्मी घिमिरे, जेन-जी मुभमेन्ट अलायन्स/मिटर ब्याज विरुद्ध किसान मजदुर आन्दोलन

- 12 April 2026/२९ चैत्र २०८२
  **Party Systems and Foreign Policy Change in Emerging Democracies in South Asia and the Global South: A Case Study of Nepal**
  Sanju Gurung, PhD Candidate, Birkbeck, University of London

- 21 April 2026/८ वैशाख २०८३
  *(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*
  **नयाँ सरकार : स्रोत, शैली र सन्देश**
  युवराज आचार्य, राजनीतिक अनुसन्धाता

- 12 May 2026/२९ वैशाख २०८३
  *(कर्णाली डिस्कोर्स सोसाइटी र मार्टिन चौतारीको संयुक्त आयोजना)*



MARTIN CHAUTARI KATHMANDU, NEPAL

**सिंहदरबारबाट हेर्दा कर्णाली : सरकारी नीति, योजना र प्राथमिकता**

माधव चौलागाईं, निवर्तमान मन्त्री, नेपाल सरकार, वन तथा वातावरण; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

- 9 June 2026/२६ जेठ २०८३

  **विकास आयोजनाको सफलता वा असफलतामा राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र बीचको सम्बन्धले पार्ने प्रभाव**

  केशव कुमार शर्मा, पूर्वसचिव, नेपाल सरकार

- 16 June 2026/२ असार २०८३

  *(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*

  **संविधान संशोधनसम्बन्धी कार्यदलको कार्यप्रक्रिया र संशोधनका मूल विषय**

  रेखा शर्मा, नेता, नेपाली कम्युनिष्ट पार्टी

  डा. सुरेन्द्र झा, नेता, जनता समाजवादी पार्टी नेपाल

***२.१.२ नागरिक समाजबारे बहस***

मार्टिन चौतारीले नेपालको सामाजिक/नागरिक आन्दोलनबारे विभिन्न समयमा अनुसन्धान तथा छलफल गर्दैआएको छ। चौतारीको नियमित छलफल शृंखला अन्तर्गत आ.व. २०८२/०८३ को अवधिमा आयोजित छलफलको विवरण यसप्रकार छ :

- 7 December 2025/२१ मंसिर २०८२

  **संस्था निर्माणको पृथक् अभ्यास : शब्दयात्रा प्रकाशनको डेढ दशक**

  हरि मञ्जुश्री, अध्यक्ष, शब्दयात्रा प्रकाशन

- 25 January 2026/११ माघ २०८२

  **Lived Experiences of Subtle Ethnic Discrimination among Tamangs in Nepal**

  Sangmo Yonjan Tamang, Freelance Writer

- 15 March 2026/१ चैत्र २०८२

  *(Jointly Organized by Association for Nepal and Himalayan Studies-Kathmandu Center (ANHS-KC) and Martin Chautari)*

  **What Could an 'Ecosystem of Support' for Rural Nepali Women Entrepreneurs Look Like?**

  Meeta S. Pradhan, Independent Researcher/Development Consultant

  Rachana Upadhyaya, Independent Researcher

- 22 March 2026/८ चैत्र २०८२

  **"मुक्कुमलुङ हाम्रो चोत्लुङ हो": आदिवासी भूमि संरक्षण र "नो केबलकार" आन्दोलन**

  कैलाश राई, अनुसन्धाता, इन्डिजिनियस विदाउट बोर्डर्स् (IwB)



MARTIN CHAUTARI KATHMANDU, NEPAL

*२.१.३ स्वास्थ्य र वातावरण सम्बन्धी बहस*

यो आर्थिक वर्षमा पनि मार्टिन चौतारीले एकल प्रयास वा अन्य संस्था समूहहरूसँगको सहकार्यमा स्वास्थ्य, वातावरण तथा प्रकृति/सम्पदा संरक्षणका विषयमा निम्न छलफल आयोजना गऱ्यो :

- 27 July 2025/११ साउन २०८२
  *(ढोरपाटन सरोकार समाज र मार्टिन चौतारीको संयुक्त आयोजना)*
  **ढोरपाटन: इतिहास, समाज र अर्थ-राजनीति माथि छलफल**
  नवीन विभास, लेखक/पत्रकार
  शुष्मा बराली, स्वतन्त्र पत्रकार/लेखक
  हरिचन छन्त्याल, लेखक/सम्पादक

- 10 August 2025/२५ साउन २०८२
  **धिरेन्द्र सिनाल लिखित भुक्तमान: राज्यको अकर्मण्यता र नागरिकको निरीहतामाथि छलफल**
  धिरेन्द्र सिनाल, लेखक
  मधुसुदन सुवेदी, प्राध्यापक, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान/मार्टिन चौतारी
  सुस्मिता अर्याल, कानुनी सल्लाहकार, काठमाण्डौं महानगरपालिका

- 31 August 2025/१५ भदौ २०८२
  **Why Tilaurakot could not Become a 'World Heritage': Reflections on the Politics of Heritage**
  Neel Kamal Chapagain, Professor of Architecture, Kathmandu University

- 2 September 2025/१७ भदौ २०८२
  **सिन्धुलीका सम्पदा संरक्षणका चुनौती**
  दीपक श्रेष्ठ, *गोरखापत्र*
  सौरभ ढकाल, स्वतन्त्र अनुसन्धाता/सह-संस्थापक, स्टोरी साइकल

- 14 December 2025/२८ मंसिर २०८२
  **Understanding Hazard Monitoring and Preparedness in Nepal: Research on Earthquake Early Warning Systems and Air Pollution Sensor Networks**
  **Paper 1: User Perceptions and Acceptance of Earthquake Early Warning Systems in Nepal**
  Shana Scogin, PhD
  Postdoctoral Fellow, Perry World House, University of Pennsylvania, USA
  **Paper 2: Toward a Community-Led, High-Fidelity, Open-Data, Low-CostAir Quality Monitoring Network in Nepal**
  Trailokaya Raj Bajgain
  PhD Student, Civil and Environmental Engineering, Duke University, USA



MARTIN CHAUTARI KATHMANDU, NEPAL

- <u>26 April 2026/१३ वैशाख २०८३</u>

  **Forest Ecology and Ethnobotany of NTFPs in Sirdibas, Gorkha of Manaslu Conservation Area, Gandaki Province, Nepal**

  Samir Bhandari, Amrit Campus, Tribhuvan University, Kathmandu, Nepal

- <u>28 May 2026/१४ जेठ २०८३</u>

  *(Jointly Organized by Association for Nepal and Himalayan Studies-Kathmandu Center and Martin Chautari)*

  **Vertical Solutions? The Politics of Air Ambulances and Maternal Survival in Nepal**

  Jan Brunson, PhD, Associate Professor, Department of Anthropology, University of Hawaiʻi at Mānoa

### २.२। ज्ञान उत्पादन र वितरण

#### *२.२.१। मिडिया तथा डिजिटल अधिकार*

विगतमा झैँ यस वर्ष पनि मार्टिन चौतारीको नियमित छलफल अन्तर्गत मिडिया तथा डिजिटल अधिकारका विभिन्न पाटाबारे केही छलफलहरू भए। यसै सिलसिलामा यो वर्ष डिजिटल अधिकारका विषयमा केन्द्रित रही काम गर्दैआएको संस्था बडी एन्ड डाटासँग यस विषयमा मासिक छलफल शृंखला सञ्चालन गर्न मार्टिन चौतारीले सहकार्य थालेको छ। अङ्ग्रेजी महिनाको दोस्रो मंगलबार Tech and Society Discussion Series नाममा यो शृंखला सन् २०२६ को जुन महिनादेखि सञ्चालन हुन थालेको छ। त्यसबाहेक डिजिटल अधिकार सम्बन्धी एउटा छलफल डिजिटल राइट्स नेपालसँगको सहकार्यमा भएको छ। मिडिया तथा डिजिटल अधिकार सम्बन्धी यस वर्ष भएका छलफलहरूको सूची यसप्रकार छ।

- <u>5 August 2025/२० साउन २०८२</u>

  *(मार्टिन चौतारी र डिजिटल राइट्स नेपालको संयुक्त आयोजना)*

  **नेपालमा डिजिटल अधिकार र सामाजिक सञ्जाल विधेयक, २०८१ को सन्दर्भ**

  प्रकाश धौलाकोटी, सचिव, नेपाल पत्रकार महासंघ

  विनायक कुइकेल, कन्टेन्ट क्रिएटर, ह्वाइ सो अफेन्डेड

  सदिच्छा सिलवाल, अधिवक्ता/कार्यक्रम अधिकृत, डिजिटल राइट्स नेपाल

- <u>7 April 2026/२४ चैत्र २०८२</u>

  *(Documentary Film Screening: Show and Discussion with Coralynn V. Davis)*

  **Sama in the Forest: The Power of Women's Storytelling in a Changing World**

  Carlos Gomez, Director

  Coralynn V. Davis, Professor of Women's and Gender Studies and Anthropology, Bucknell University, USA



MARTIN CHAUTARI KATHMANDU, NEPAL

- 3 May 2026/२० वैशाख २०८३
  **निर्वाचनका बेला महिला उम्मेदवारविरुद्ध हुने घृणाजन्य अभिव्यक्ति**
  सिर्जना काफ्ले, प्रमुख कार्यकारी अधिकृत, पर्पल फाउन्डेसन
- 23 June 2026/९ असार २०८३ (मंगलबार, दिउँसो ३ बजे)
  *(Tech and Society Discussion Series, Jointly Organized by Body & Data and Martin Chautari)*
  **Rethinking Technology: Beyond Big Tech and Tech Bros**
  Dovan Rai, Executive Director, Body & Data
- 14 July 2026/३० असार २०८३ (मंगलबार, दिउँसो ३ बजे)
  *(Tech and Society Discussion Series, Jointly Organized by Body & Data and Martin Chautari)*
  **Roundtable Discussion on Dissecting AI Data Centres: The Environmental and Human Cost of Intelligence Infrastructures**
  Facilitators: Nuva Rai, Program Coordinator; and Monisha Choudhary, Research & Advocacy Officer; Body & Data

### २.२.२। शिक्षा अनुसन्धान

#### *२.२.२क। नेपालमा विद्यालय शिक्षाको इतिहास, सन् १९००-१९९०*

स्पेन्सर फाउन्डेशन, अमेरिकाको आर्थिक सहयोगमा अप्रिल २०२३ बाट “नेपालमा विद्यालय शिक्षाको इतिहास सन् १९००-१९९०” अनुसन्धान परियोजना शुरू भएको छ । विशेषगरी नेपालमा विद्यालय शिक्षाको “सामुदायिक इतिहास” लेखनमा केन्द्रित उक्त अनुसन्धान परियोजना मार्च २०२७ सम्म सञ्चालन हुनेछ । चौतारीका शिक्षा समूहका अनुसन्धाताहरू विद्यालय शिक्षाको इतिहासका विभिन्न पक्षबारे अनुसन्धान गरिरहनुभएको छ । यो परियोजना अन्तर्गत यो वर्ष अर्जुन पन्थीले पश्चिम नेपाल विशेषगरी अर्घाखाँची र गुल्मीबाट शिक्षाका लागि गुजरात (गुजरात) जाने परम्पराबारे, देवेन्द्र उप्रेतीले शुक्रराज शास्त्रीले राणा कालमा सार्वजनिक शिक्षा विस्तारका लागि गरेका विभिन्न प्रयत्न र महावीर इन्ष्टिच्यूटबारे अनुसन्धान गर्नुभएको थियो । त्यसै गरी, शिक्षा, राजनीति र पोखराको पहिलो आधुनिक स्कूल खोल्न भएका विभिन्न प्रयासबारे लोकरञ्जन पराजुली र रुख गुरुङले पोस्टवार रिकन्सट्रक्शन फण्ड अन्तर्गत भएका शैक्षिक गतिविधिबारे अनुसन्धान गरिरहनुभएको छ । यसै परियोजना अन्तर्गत बिर्सना श्रेष्ठले चन्द्रकान्ता मल्ल र उनको नेतृत्वमा खोलिएको कन्या पाठशाला, सन्जिला मोक्तानले वि.सं. २००३ सालमा काठमाडौँ न्यौखामा खोलिएको कन्या मन्दिर विद्यालयबारे अनुसन्धान गरिरहनुभएको छ । यी अनुसन्धानमध्ये अर्जुन पन्थीको लेख भने *समाज अध्ययन* अंक २१ मा प्रकाशित छ । साथै, मार्टिन चौतारी, शिक्षा अनुसन्धान समूहका सदस्यहरूको सहयोगमा समूहका सदस्यद्वय देवेन्द्र उप्रेती र लोकरञ्जन पराजुलीले नेपालको शैक्षिक इतिहास लेखनमा उपयोगी हुनसक्ने स्रोत-सामग्री सम्बन्धी एक आलेख तयार गर्नुभएको थियो । सो आलेख *समाज अध्ययन २१* मा प्रकाशित छ ।

नेपालमा विद्यालय शिक्षाको इतिहासका विभिन्न पक्षका केन्द्रित रहेर चौतारीका अनुसन्धाताले गत वर्ष झै यस वर्ष पनि विभिन्न प्रस्तुतिहरू दिनुभयो । सोसल साइन्स वहा:ले २०२५ को जुलाई अन्तिम हप्ता आयोजना गरेको “The Annual Kathmandu Conference on Nepal and the Himalaya” मा रुख गुरुङले भारतको शिलोङस्थित मणिसिंह गुरुङको नेतृत्वमा स्थापना भएको गोर्खा पाठशाला (सन् १९१५-१९५०) बारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसै गरी, नोभेम्बर २६ देखि २८, २०२५ मा मार्टिन चौतारीमा आयोजित चौतारी वार्षिक सम्मेलनमा विद्यालय शिक्षाको इतिहासबारे दुई ओटा प्यानल



MARTIN CHAUTARI KATHMANDU, NEPAL

छलफल आयोजना गरिएको थियो । जसमध्ये पहिलो प्यानलमा देवेन्द्र उप्रेती, सन्जिला मोक्तान र बिर्सना श्रेष्ठ र दोस्रो प्यानलमा लोकरञ्जन पराजुली र रुख गुरुङले प्रस्तुति दिनुभयो (हेर्नुहोस्, https://martinchautari.org.np/blogs/chautari-annual-conference-2025-program-schedule) । साथै, नेपाल समाजशास्त्र संघले डिसेम्बर १८-२०, २०२५ मा हेटौंडामा आयोजना गरेको "International Conference on Building Inclusive and Resilient Nepal: Sociological Debate" मा चौतारीका अनुसन्धाता लोकरञ्जन पराजुली, देवेन्द्र उप्रेती, रुख गुरुङ, सन्जिला मोक्तान र बिर्सना श्रेष्ठले नेपालमा विद्यालय शिक्षाको इतिहासका विभिन्न पक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । विद्यालय शिक्षाबारे चौतारीले गरेका अनुसन्धानको उपजहरू विभिन्न स्वरूपमा बाहिर आएका छन्, जसको विवरण यसप्रकार छ :

*लेख*

- पन्थी, अर्जुन । २०८३ । अर्घाखाँची र गुल्मीदेखि गुजरातसम्म : वटु-बाहुनहरूको भारततर्फको शैक्षिक यात्रा । *समाज अध्ययन* २१ : ७१–१०३ ।
- शिक्षा अनुसन्धान समूह, मार्टिन चौतारी । २०८३ । शैक्षिक इतिहास लेखनमा उपयोगी स्रोत-सामग्री । *समाज अध्ययन* २१ : २४९–२७८ ।

*टिप्पणी*

- उप्रेती, देवेन्द्र । २०८३ । सार्वजनिक शिक्षाका समस्या र सुधारका उपाय । *विरासत* : ८९–९४ ।
- उप्रेती, देवेन्द्र । २०८३ । नेपालमा पढाउने भारतीय शिक्षकका गुनासा । *शिक्षक* १९(१७८) : ४६–४९ ।
- उप्रेती, देवेन्द्र । २०८२ । राणाकालमा फस्टाएको ट्युसन-पेशा । *शिक्षक* १८(१७६) : ५१–५३ ।
- उप्रेती, देवेन्द्र । २०८२ । शहीद शुक्रराजको शैक्षिक योगदान । *शिक्षक* १८(१७४): ५४–५६ ।
- उप्रेती, देवेन्द्र । २०८२ । दलित पढ्ने-पढाउने बारेमा टकराव । *शिक्षक* १८(१७२): ४७–४९ ।
- उप्रेती, देवेन्द्र । २०८२ । आरम्भको विद्या विमर्श । *संकथन मन्थनमाला* (२०८१–८२) : २२२–२२५ ।
- उप्रेती, देवेन्द्र । २०८२ । शिक्षक अभाव : सधैंको समस्या । *शिक्षक* १८(१७०) : ५८–६० ।
- गुरुङ, रुख । २०८२ । मणिसिंह र गोर्खा पाठशाला । *संकथन मन्थनमाला* (२०८१–८२) : २२६–२२८ ।
- पन्थी, अर्जुन । सन् २०२६ । पढ्नका लागि कसरी गुजरात पुगे नेपाली ? द *कमन्स*, मे २९ ।
- पराजुली, लोकरञ्जन । २०८२ । पञ्चायत, शिक्षा-राजनीति र 'बुद्धु-वीर' नेपाली । *कान्तिपुर*, साउन ३०, पृ. ५ ।
- पराजुली, लोकरञ्जन । २०८२ । अनि गुड्यो नेपालमा सहशिक्षाको गाडी । द *कमनस्*, साउन ९ ।
- मोक्तान, सन्जिला । २०८२ । 'तामाङले पढेर के हुन्छ र, जागिर पाइने होइन' । द *कमन्स*, साउन २३ ।
- हुमागाईं, देवराज । २०८२ । प्रवेशिका परीक्षा (एसएलसी/एसईई) मा शारदा मा.वि. को सहभागिता र उपलब्धि । *शारदा स्वर्ण स्मारिका*, मंसिर, पृ. २५–३४ ।
- Onta, Pratyoush. 2025. My Early Years in St Xavier's School. *The Kathmandu Post, December* 26.



MARTIN CHAUTARI KATHMANDU, NEPAL

- Onta, Pratyoush. 2025. Getting Admitted to St. Xavier's School. *The Commons, December* 15.
- Onta, Pratyoush. 2025. Vocabulary Augmentation: Then and Now. *The Kathmandu Post*, December 8.
- Onta, Pratyoush. 2025. Teaching History as an Open Debate. *The Kathmandu Post*, November 10.

त्यसै गरी, आर्थिक वर्ष २०८२/०८३ मा विद्यालय शिक्षा सम्बन्धी निम्न छलफलहरू सम्पन्न भए :

- 4 January 2026/२० पुस २०८२
  *(Jointly Organized by LIKE Lab, KUSOA and Martin Chautari)*
  **"LIKE CLUB" Initiatives in Rural Community Schools: A Case Study of Bhojpur Municipality**
  Utkrishta Sharma, Junior Researcher, Learning, Innovation, and Knowledge Exchange (LIKE) Lab, Kathmandu University School of Arts (KUSOA)
- 18 January 2026/४ माघ २०८२
  *Research Seminar Series*
  **स्कूल छलफल गर्ने अड्डा भएपछि : संस्मरणमा अल्पवयी महावीर इन्स्टिच्यूट (सन् १९३६-१९४१)**
  देवेन्द्र उप्रेती, अनुसन्धाता, मार्टिन चौतारी
- 1 March 2026/१७ फागुन २०८२
  *Research Seminar Series*
  **कन्या मन्दिर स्कूल : राणाकालीन नेपालमा शिक्षा, पितृसत्तात्मक समाज र समानताका लागि संघर्ष**
  सन्जिला मोक्तान, मार्टिन चौतारी
- 5 May 2026/२२ वैशाख २०८३
  **समावेशी शिक्षा कि शिक्षामा समावेशिता : बहसमा अटिजम नमुना स्कूल**
  रमेश बराल, भिजिटिङ फ्याकल्टी, काठमाडौँ युनिभर्सिटी स्कूल अफ एजुकेसन; सङ्गीता कार्की, कार्यकारी निर्देशक, होप सेन्टर फर चाइल्ड डेभलपमेन्ट एन्ड रिसर्च सेन्टर नेपाल
- 31 May 2026/१७ जेठ २०८३
  *Research Seminar Series*
  **ब्रिटिश-भारतमा स्थापित "पोस्ट-वार रिकन्स्ट्रक्शन फण्ड" र गोर्खा परिवारको शिक्षाबारे भएका प्रारम्भिक छलफल (सन् १९४२–१९५७)**
  रुख गुरुङ, अनुसन्धाता, मार्टिन चौतारी

### *२.२.२ ख । नेपालमा उच्चशिक्षा सुधारबारे सार्वजनिक बहसको प्रवर्द्धन*

मार्टिन चौतारीले नेपालको उच्च शिक्षा सुधारबारे सार्वजनिक बहस एवं अनुसन्धान गर्दैआएको छ । यो वर्ष चौतारीका बरिष्ठ अनुसन्धाता लोकरञ्जन पराजुलीले पछिल्ला दशकमा उच्च शिक्षामा आएका लैङ्गिक फेरबदलबमा केन्द्रित रही एक शोध-सङ्क्षेप तयार गर्नुभएको थियो (हेर्नुहोस्, https://martinchautari.org.np/mc-publications/Increasing-gender-equality-in-higher-education) । त्यसै गरी, चौतारीभन्दा बाहिरका व्यक्तिहरूलाई समाज विज्ञानमा आधारित रही



MARTIN CHAUTARI KATHMANDU, NEPAL

लेख/टिप्पणी/संस्मरण लेखाउने र चौतारीको वार्षिक जर्नल *समाज अध्ययन*मा छाप्ने कार्य गत वर्ष झैँ यस वर्ष पनि गरियो । सो अन्तर्गत बिन्दु शर्माको मेरो उच्चशिक्षाको आधार र यात्रा शीर्षकको आलेख *समाज अध्ययन* २१ मा प्रकाशित छ । साथै, उच्च शिक्षाका विभिन्न पक्षबारे चौतारीका अनुसन्धाता प्रत्यूष वन्त, लोकरञ्जन पराजुली र बिर्सना श्रेष्ठका  लेख विभिन्न पत्रपत्रिका/अनलाइनमा प्रकाशित भए । यो आर्थिक वर्ष उच्च शिक्षाबारे प्रकाशित सामाग्री यस प्रकार छन् :

- मार्टिन चौतारी । २०८२ । *उच्च शिक्षामा बढ्दो लैङ्गिक समानता* । शोध-सङ्क्षेप ४० । काठमाडौँ : मार्टिन चौतारी ।
- पराजुली, लोकरञ्जन । सन् २०२६ । उच्च शिक्षामा उच्च दरको महिला सहभागिता । e-Kantipur, फागुन ७ ।
- वन्त, प्रत्यूष । सन् २०२५ । नेपाल-भारत अध्ययन परिशीलन । । *संकथन मन्थनमाला* (२०८१–८२) : २१०–२१५ ।
- Shrestha, Birsana. 2026. A Nuanced Pedagogical Approach to a TU Curriculum. *The Commons,* April 17.
- Onta, Pratyoush. 2025. Dynamics of Educational Migration. *The Kathmandu Post*, August 10.
- Onta, Pratyoush. 2025. Peer Review in a Bureaucratic Academia. *The Kathmandu Post*, September 8.
- Onta, Pratyoush. 2025. Research Going Local. *The Kathmandu Post*, October 13.

यस वर्ष चौतारीले उच्च शिक्षाबारे आयोजना गरेका छलफल यसप्रकार छन् :

- 20 July 2025/४ साउन २०८२
  **Teaching Research in the Arts: A Conversation between Two Educators**
  Pranab Man Singh, Department of Art and Design, Kathmandu University, and Amina Singh, Kathmandu University
- 4 November 2025/१८ कात्तिक २०८२
  **Prevention of Harassment in Higher Education Institutes of Nepal: Learnings and Reflections from Efforts against Harassment at King's College**
  Swechhya Rajbhandary, Head of Office of Safe and Respectable Learning (OSRL) Department, King's College, Nepal; and Sushobhan Chimoriya, Educator/Activist and Project Coordinator, Office of Safe and Respectable Learning (OSRL) Department, King's College, Nepal
- 11 January 2026/२७ पुस २०८२
  **Transitioning to a Research-also University: Tribhuvan University during its First Three Decades**
  Pratyoush Onta, Martin Chautari
- 10 March 2026/२६ फागुन २०८२
  **Teacher and  Student Boundaries: Accountability and Reform**
  Mira Mishra, Central Department of Gender Studies, Tribhuvan University; Aastha Dahal, Lawyer and Criminologist; and Sandhya Gautam, Queer Feminist Activist

Moderated by Amina Singh

- 12 July 2026/२८ असार २०८३
  **Learning in Classrooms When Students Want to Use AI for Everything**
  Nasala Chitrakar, Educator/Poet/Translator, Thames International College

### *२.२.२ग । औपचारिक तथा अनौपचारिक ज्ञानको क्षेत्र प्रवर्धन*

मार्टिन चौतारीका समस्त गतिविधिहरू औपचारिक तथा अनौपचारिक ज्ञानको क्षेत्रलाई विस्तार तथा प्रवर्द्धन गर्ने उद्देश्यबाट प्रेरित छन् । यसमा माथि उल्लिखित परियोजना/विषय केन्द्रित गतिविधिका अलावा चौतारीको रुचि र उद्देश्य अनुरूप नियमित तथा अतिरिक्त क्रियाकलापहरू पनि पर्दछन् । यस सिलसिलामा मार्टिन चौतारीले हरेक वर्ष झैँ यस वर्ष पनि *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*का दुई ओटा अंक तथा *समाज अध्ययन*को एउटा अंक तयार पाऱ्यो, जसको विवरण माथि प्रकाशन खण्डमा दिइसकिएको छ । त्यस्तै, The bibliography on Reflections on Social Sciences in Nepal विषयको सन्दर्भ सूचीलाई अद्यावधिक गरी चौतारी वेबसाइटमा प्रकाशन गरियो ।

हरेक वर्ष आयोजना गर्ने गरिएको चौतारी वार्षिक सम्मेलन पनि नोभेम्बर २६-२८, २०२५ मा सम्पन्न गरियो जसबारे माथि नै उल्लेख भइसकेको छ । साथै, सन् २०२६ को वार्षिक सम्मेलन नोभेम्बर २५-२७ का लागि निर्धारण गरिएको छ भने यसका लागि अनुसन्धान सार (Abstracts) आह्वान गरिएको थियो । तोकिएको मितिभित्रमा (जुन १५, २०२६ सम्ममा) १२५ ओटा अनुसन्धान सार प्राप्त भएकोमा सम्मेलन आयोजक समितिले तिनको मूल्यांकन गरी जुन अन्तिममा १०९ ओटा सार छनोट गऱ्यो । मार्टिन चौतारीले यस वर्ष चौतारी स्थापना व्याख्यान् पनि आयोजना गऱ्यो । वार्षिक अनुसन्धान सम्मेलन-२०२५ को अन्तिम दिन (नोभेम्बर २८ मा) आयोजना गरिएको यस वर्षको व्याख्यान्को शीर्षक "Reflections of a Madheshi About 'Nepali Mainstream' History, Memory, Recollections, and Remembrance" थियो जसका वक्ता राजनीतिक विश्लेषक सीके लाल हुनुहुन्थ्यो ।

त्यसै गरी मार्टिन चौतारीले यस वर्ष युवा अनुसन्धाता तथा उच्चशिक्षा अध्ययनरत विद्यार्थीलाई लक्षित गरी केही कार्यशालाहरू आयोजना गऱ्यो । यसै सिलसिलामा सुशासनको क्षेत्रमा कार्यरत गभर्नेन्स ल्याबसँगको सहकार्यमा "ज्ञान शृंखला" नामक छोटो अवधिका कार्यशालाहरू सञ्चालन हुन थालेको छ । यस शृङ्खला अन्तर्गत पहिलो कार्यशाला The Borrowed Futures of Nepal's Foreign Policy शीर्षकमा आयोजना गरियो । जुलाई २-४ सम्म चलेको यस कार्यशालामा अन्तर्राष्ट्रिय सम्बन्धका अध्यता तथा मार्टिन चौतारीका सदस्य भास्कर गौतमलाई स्रोत व्यक्तिका रूपमा निम्त्याइएको थियो । यस शृंखला अन्तर्गत दोस्रो कार्यशाला Citizens and Constitutional Rights- Implementation Challenges and What this Means for "Good Governance" शीर्षकमा अगस्त ८-९, २०२६ मा आयोजना हुँदैछ । यसबाहेक डिसेम्बर २१, २०२५ मा Qualitative Methods Workshop: Discourse Analysis र मे १७, २०२६ मा Workshop on Doctoral Studies in the Humanities and the Interpretative Social Sciences शीर्षकमा दुई ओटा एक दिने कार्यशालाहरू पनि आयोजना भए, जसको थप विवरण तल दिइएको छ ।

त्यस्तै, मार्टिन चौतारीले अप्रिल २०२४ देखि *ऊर्जा खबर* सँगको सहकार्यमा शुरू गरेको ऊर्जा नीति संवादले यस वर्ष पनि निरन्तरता पायो । यो शृंखला ऊर्जासम्बन्धी विषयमा काम गर्न रुचि राख्ने पत्रकार, अध्येता, ऊर्जा व्यवसायी र नीति निर्माताहरूबीच सम्बन्धित विषयमा बहस गराउने र उनीहरूको क्षमता अभिवृद्धि गर्ने लक्ष्य सहित शुरू गरिएको हो ।

ती बाहेक चौतारीको नियमित शृंखला अन्तर्गत औपचारिक तथा अनौपचारिक ज्ञान प्रवर्द्धनको उद्देश्यले यस वर्ष आयोजना गरिएका छलफलहरू निम्नानुसार छन् :



MARTIN CHAUTARI KATHMANDU, NEPAL

- 17 August 2025/१ भदौ २०८२
  **फर्केर हेर्दा नीति अनुसन्धान प्रतिष्ठानमा मेरा तीन वर्ष (फागुन २०७६–फागुन २०७९)**
  डा. विष्णुराज उप्रेती, पूर्व कार्यकारी अध्यक्ष, नीति अनुसन्धान प्रतिष्ठान
- 16 November 2025/३० कात्तिक २०८२
  **Thinking about Thinking: Lessons from Philosophy, Religion and Cognitive Science**
  Bed Prasad Giri, PhD, Former Professor of English, Nepal Open University and Former Dean, Lumbini Buddhist University
- 21 December 2025/ ६ पुस २०८२
  **Qualitative Methods Workshop: Discourse Analysis**
  Dr. Sweta Baniiya, Associate Professor of Rhetoric, Professional, and Technical Writing, Virginia Tech
- 1 February 2026/१८ माघ २०८२
  **नेपाली साहित्यमा महिला लेखन : आयाम र उपलब्धि**
  बिन्दु शर्मा, उपप्राध्यापक, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
- 17 May 2026/३ जेठ २०८३
  **Workshop on Doctoral Studies in the Humanities and the Interpretative Social Sciences**
  Dr Gaurav C. Garg, Ashoka University
- 24 May 2026/१० जेठ २०८३
  **A Conversation on Histories of Modern South Asia**
  Gaurav C. Garg, Ashoka University
  Pratyoush Onta, Martin Chautari
- 7 July 2026/२३ असार २०८३
  **Reading-based Conversation on "(Academic) Parenthood and Ambivalent Choice"**
  Tina Shrestha, Anthropologist

***२.२.२घ। नेपालको सामाजिक, सांस्कृतिक एवं भौतिक अवस्थामा आएको ऐतिहासिक रूपान्तरणबारे सामूहिक बुझाइ***

यस अन्तर्गत यो आ.व. मा निम्न तीन ओटा पुस्तकहरू तथा एउटा सन्दर्भ सूची प्रकाशन गरियो भने एउटा पुस्तक पुन:मुद्रण गरियो। साथै, केही छलफलहरू पनि आयोजना गरिए।

यस अन्तर्गतका प्रकाशनहरू निम्न छन् :

- *जयतु संस्कृतम् आन्दोलन र संस्कृत शिक्षा, लेखक: महेशराज पन्त*
- *Infrastructures of Democracy: Politics and Processes of Road Building in Rural Nepal* edited by Katharine Rankin, Sara Shneiderman and Mukta S. Tamang.

MARTIN CHAUTARI KATHMANDU, NEPAL

- *Nepal's Economic Transformation Using its Surplus Energy,* by Bikash Pandey.
- *Bibliography of Selected Works on the Gurkhas*, by Sanjay Sharma.
- *Nepal in the Long 1950s*, edited by Pratyoush Onta, Lokranjan Parajuli and Mark Liechty (Reprinted)

उल्लिखित प्रकाशनहरूबारे थप जानकारी माथि प्रकाशन सम्बन्धी खण्डमा नै दिइसकिएको छ । यी बाहेक मार्टिन चौतारीको पुस्तकालयमा विभिन्न महत्त्वपूर्ण ऐतिहासिक सामग्री संकलन गर्ने र स्क्यान गर्ने कामलाई पनि निरन्तरता दिइयो जसबारे माथि पुस्तकालय खण्डमा चर्चा गरिसकिएको छ ।

त्यसै गरी मार्टिन चौतारीको नियमित छलफल शृंखलामा समाज, राजनीति र इतिहास सम्बन्धी केही छलफलहरू आयोजना गरिएका थिए, जसको विवरण निम्नानुसार छ :

- 22 July 2025/६ साउन २०८२
  **Claiming Everest, Sharing Tenzing: Indians and First Successful Expedition to Mt. Everest**
  Gaurav C. Garg, Assistant Professor of History, Ashoka University
- 12 October 2025/२६ असोज २०८२
  **Mapping the Political Economy of Agrarian Transition in Nepal: Book Launch and Discussion**
  Fraser Sugden, Associate Professor in Human Geography, University of Birmingham, UK
  Suresh Dhakal, Associate Professor of Anthropology, Tribhuvan University
  Janak Rai, Associate Professor of Anthropology, Tribhuvan University
- 2 December 2025/१६ मंसिर २०८२
  **Nepal's Economic Transformation Using its Surplus Electricity**
  Bikash Pandey, Director of Clean Energy & Circular Economy, Winrock International
- 5 December 2025/१९ मंसिर २०८२
  *Book Discussion*
  **Market and Monastery: Capitalism in Manangi Trade Diaspora, (Berghahn Books, 2025)**
  Prista Ratanapruck, Author, Senior Research Fellow, Institute for Integrated Development Studies
  Ria Gyawali, PhD Candidate, Department of Anthropology, Harvard University
- 9 December 2025/२३ मंसिर २०८२
  *(कर्णाली डिस्कोर्स; कर्णाली डिस्कोर्स सोसाइटी र मार्टिन चौतारीको संयुक्त आयोजना)*
  **पुन:स्मरणमा कर्णाली : एक वनस्पति वैज्ञानिकको अवलोकन र अनुभव**
  डा. तीर्थबहादुर श्रेष्ठ, वनस्पतिशास्त्री/लेखक/अध्येता



MARTIN CHAUTARI KATHMANDU, NEPAL

- <u>28 December 2025/१३ पुस २०८२</u>

  **Beyond the Tangible: Floods and Invisible Losses in Mustang, Nepal**

  Kunja Shrestha, Researcher, Southasia Institute of Advanced Studies (SIAS)

- <u>7 June 2026/२४ जेठ २०८३</u>

  *Book Discussion*

  **Infrastructures of Democracy: Politics and Processes of Road Building in Rural Nepal, (Martin Chautari, 2026), Edited by Katharine N. Rankin, Sara Shneiderman, Mukta S. Tamang**

  Sabin Ninglekhu, Geographer

  Jeevan Baniya, Deputy Director, Social Science Baha, Research Director, Centre for the Study of Labour and Mobility (CESLAM), Kathmandu, Nepal

  Bandana Gyawali, Southasia Institute for History and Philosophy

  Tulasi Sharan Sigdel, Nepal Administrative Staff College

  Samjhana Nepali, Nepal Picture Library.

  Katharine N. Rankin, University of Toronto

## ३। प्रशासन

### ३. १। प्रशासन र वित्त

मार्टिन चौतारीमा यस वर्ष अघिल्ला वर्ष नै शुरू भएका दुई ओटा वित्तीय स्रोत (परियोजनाहरू) चालु रहे। तिनमा अप्रिल १, २०२३ देखि शुरू गरिएको स्पेन्सर फाउण्डेसनको सहयोगमा सञ्चालित History of the Public School Education in Nepal (1900-1990) नामक परियोजना थियो। त्यस्तै, नर्वेस्थित फ्रेन्ड्स अफ मार्टिन चौतारी समूहका एरिक हफ्टनले चौतारीलाई जुलाई १, २०२३ देखि दिँदैआएको संस्थागत सहयोग पनि जारी छ। उल्लिखितमध्ये पहिलो विद्यालय शिक्षाको इतिहास सम्बन्धी परियोजना पूर्वनिर्धारित समयावधि (अप्रिल २०२३ देखि मार्च २०२६) समाप्त भए पनि केही काम सम्पन्न हुन बाँकी रहेकोले दातृ संस्थाको सहमतिमा परियोजनाको समयसीमा एक वर्ष थप गरिएको छ। यस आ.व. मा द एसिया फाउन्डेसनको आर्थिक सहयोगमा सञ्चालित Enhancing the Capacity of Women, Youth and Marginalized Communities through Barefoot Research Activity परियोजनाको समाज कल्याण परिषद्बाट अनुगमन तथा मूल्यांकन सम्पन्न भई सोको प्रतिवेदन प्राप्त भएको छ।

मार्टिन चौतारीले गत वर्षदेखि नै संस्थागत दीगोपनको उद्देश्यले एक अक्षय कोष खडा गरेको छ। सो कोषमा व्यक्तिगत वा संस्थागत रूपमा आर्थिक योगदान गर्न चौतारीले सार्वजनिक वा व्यक्तिगत रूपमा इमेल वा चिठी लेखेर आह्वान गर्दैआएको छ। यो कोषमा यस आ.व. को अन्त सम्ममा सावाँ र ब्याज समेत गरी एक करोडभन्दा बढी रकम जम्मा भएको छ।

यस वर्ष मार्टिन चौतारीको वार्षिक साधारण सभा असोज ६, २०८२ (सेप्टेम्बर २२, २०२५) मा बसेको थियो। सो सभाले मार्टिन चौतारीको आ.व. २०८२/०८३ का लागि वार्षिक कार्ययोजना तथा बजेट एवं आ.व. २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन र वार्षिक लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गरेको थियो। साथै, मार्टिन चौतारीको विधान अनुसार तीन जना कार्यसमिति सदस्यहरूको पदावधि सकिएकोले सो स्थानमा सत्तकुमारी ठाडा, सेरा तामाङ र जीतबहादुर



MARTIN CHAUTARI KATHMANDU, NEPAL

(जेबी) विश्वकर्मा निर्विरोध निर्वाचित हुनुभयो । विधानअनुसार साधारणसभा लगत्तै बसेको कार्यसमितिको बैठकले कोषाध्यक्षमा मनकुमारी ठाडा र सचिवमा सेरा तामाङलाई चयन गर्‍यो ।

मार्टिन चौतारीका सहायक अनुसन्धाता सन्जिला मोक्तानले उच्चशिक्षा अध्ययनको सिलसिलामा विदेश जानुपर्ने कारणले र आंशिक करारमा कार्यरत कार्यालय सहयोगी सन्तोषी तामाङले आफ्नै व्यवसाय खोली त्यसमा व्यस्त हुनुपरेकोले साउन १, २०८३ देखि मार्टिन चौतारीमा काम गर्न असमर्थता जनाउँदै राजिनामा दिएकाले आ.व. २०८३-८४ का लागि उहाँहरूको करारनामा नवीकरण गरिएन । मार्टिन चौतारीका साधारण सदस्य बन्दना ज्ञवलीले आफ्नो व्यस्तताका कारण चौतारीमा समय दिन नसकेको जनाउँदै आफ्नो सदस्यता खारेज गरिदिन गरेको अनुरोधलाई असार १८, २०८३ मा बसेको कार्यसमिति बैठकले स्वीकृत गरेपश्चात् उहाँको सदस्यता मार्टिन चौतारीको विधान अनुसार खारेज भयो । यस आ.व. डा. अमिना सिहं र सन्जिला मोक्तानले चौतारीको साधारण सदस्यताका लागि निवेदन दिनुभएकोमा उहाँहरू दुवैलाई साधारण सदस्यता प्रदान गर्ने निर्णय गरिएको थियो । विगत वर्षहरूमा झैं मार्टिन चौतारीले आफ्ना अनुसन्धाताहरूलाई विभिन्न संस्थाद्वारा आयोजना भएका सेमिना/सम्मेलनहरूमा सहभागिताका लागि प्रोत्साहन गर्‍यो । चौतारीका अनुसन्धाताहरूले चौतारीबाहेक अन्य संघ/संस्थाले आयोजना गरेका कार्यक्रमहरूमा दिएका प्रस्तुतिको विवरण अनुसूचीमा दिइएको छ । धेरैजसो अवस्थामा सहभागिताका लागि लाग्ने शुल्क तथा बसोबास र यातायात खर्च आयोजक संस्थाले नै बेहोरेका भए पनि केही सम्मेलनको सहभागिता शुल्क भने चौतारीले बेहोरेको थियो ।

### ३.२। अनुगमन तथा मूल्यांकन

चौतारीमा अहिले मुख्य गरी अनुसन्धान, प्रसार, प्रकाशन तथा प्रशासन एकाइ विद्यमान छन् । अनुसन्धान एकाइ अन्तर्गत अनुसन्धान एवं अनुसन्धान प्रशिक्षण सम्बन्धी परियोजनाहरू रहेका हुन्छन् । प्रसार एकाइभित्र पुस्तकालय र छलफल पर्दछन् । प्रकाशन एकाइले सम्पूर्ण प्रकाशनका काम हेर्दछ भने प्रशासन अन्तर्गत मार्टिन चौतारीको प्रशासनिक गतिविधि र लेखा पर्दछ । चौतारीका विभिन्न परियोजना तथा नियमित (Core) गतिविधिहरूका सम्बन्धमा बनाइएको योजना तथा भएको कार्यप्रगतिबारे सम्बन्धित एकाइ तथा परियोजनाका संयोजकसँग आवधिक रूपमा कार्यप्रगतिको जानकारी लिई चौतारीका कार्यकारी प्रबन्धकद्वारा सामान्यत: द्वैमासिक रूपमा बस्ने कार्य समितिको बैठकमा रिपोर्टिङ गर्ने गरिन्छ । अनौपचारिक रूपमा यो वर्ष चौतारीको कार्यसम्पादन तथा व्यवस्थापन संरचना अनुसार चौतारीका विभिन्न एकाइ अनुसन्धान निर्देशक प्रत्यूष वन्त, वरिष्ठ अनुसन्धाता लोकरञ्जन पराजुली र कार्यकारी प्रबन्धक देवराज हुमागाईंलाई भाग लगाएर त्यसको नियमित अनुगमन तथा निर्देशनको जिम्मेवारी दिइएको थियो । विगतमा झैँ यस वर्ष पनि प्रत्यूष वन्तलाई अनुसन्धान एवं प्रसार, लोकरञ्जन पराजुलीलाई प्रकाशन; तथा देवराज हुमागाईंलाई प्रशासन र लेखाको नेतृत्व तथा अनुगमनको जिम्मेवारी दिइएको थियो ।

विदेशी दातृ संस्थाको सहयोगमा सञ्चालित चौतारीको परियोजनाहरू कानूनी प्रावधान अनुसार कार्यान्वयन हुनुपूर्व समाज कल्याण परिषद्‌बाट स्वीकृति लिने तथा सम्पन्न भएपछि सोही संस्थाबाट अनुगमन तथा मूल्यांकन गराउने गरिएको छ । यो वर्ष द एसिया फाउन्डेसनको सहयोगमा गत वर्ष मधेश र लुम्बिनी प्रदेशमा सञ्चालित Enhancing the Capacity of Women, Youth and Marginalized Communities through Barefoot Research Activities *(मधेश र लुम्बिनी प्रदेशका युवा अधिकारकर्मीहरूको अनुसन्धान क्षमता अभिवृद्धि कार्यक्रम)* को समाज कल्याण परिषद्‌बाट अनुगमन तथा मूल्याङ्कन भई प्रतिवेदन प्राप्त भयो । त्यसै गरी चालु परियोजनाहरूको चौमासिक प्रतिवेदन चौतारीले परिषद्‌मा नियमित रूपमा पेश गर्दैआएको छ ।

### ३.३ जनसम्पर्क र साझेदारी

मार्टिन चौतारीको विविध प्रशासनिक तथा परियोजनासँग सम्बन्धित कार्यको सिलसिलामा नेपाल सरकार मातहतका विभिन्न निकाय जस्तै, समाज कल्याण परिषद्, कर कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, नगरपालिका तथा



MARTIN CHAUTARI KATHMANDU, NEPAL

गाउँपालिकासँग समन्वय गर्नुपर्ने कानून बमोजिमका प्रक्रियामा सहयोग गर्न तथा आवश्यकता अनुसार कानूनी लेखा/वित्तसँग सम्बन्धित परामर्श प्रदान गर्न यो आ.व. मा पनि जे.एस.आर. कन्सल्टेन्सीसँग सम्झौता गरियो।

त्यसै गरी यो आ.व. मा सञ्जाल निर्माण गर्ने उद्देश्य सहितका केही कार्यक्रम भए। छलफल, कार्यशाला तथा परियोजना अन्तर्गतका विभिन्न गतिविधि अगाडि बढाउने सम्बन्धमा मार्टिन चौतारीले पहिलेदेखि विभिन्न संस्थाहरूसँग सहकार्य गर्दै आएकोमा केही संस्थासँग त्यस्तो सहकार्यले आ.व. २०८२/०८३ मा पनि निरन्तरता पायो। चौतारीसँग मिलेर गत वर्षदेखि नियमित छलफल आयोजना गर्दैआएको कर्णाली डिस्कोर्स सोसाइटीले यो आर्थिक वर्षको अन्ततिर आफ्नो छलफल शृंखला स्थगित गऱ्यो भने, डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र ऊर्जा खबर सँगको सहकार्य निरन्तर छ। त्यस्तै, यो आ.व. को जुन महिनादेखि बडी एन्ड डाटा सँगको सहकार्यमा प्रविधि र समाज (Technology and Society) सम्बन्धी मासिक छलफल शृंखला शुरू गरियो। यस्तो सहकार्यबाहेक विभिन्न संस्था/समूहहरूलाई नियमित सार्वजनिक छलफल आयोजना गर्न मार्टिन चौतारीको सभाकक्ष नि:शुल्क उपलब्ध गराउने पनि गरिएको छ। यसरी चौतारीको सभाकक्षमा शुक्रबारको दिनमा नियमित छलफल आयोजना गर्ने संस्था वा समूहहरूमा बुकाहोलिक्स, डिग्निटी इनिसिएटिभ्स र किरात अन्तर्राष्ट्रिय सांस्कृतिक अभियान छन्। साथै, अन्य थुप्रै संस्था/समूहलाई पनि बेला बेलामा विभिन्न सामाजिक-सांस्कृतिक विषयमा खुला छलफल आयोजना गर्न चौतारीको सभाकक्ष नि:शुल्क प्रयोग गर्न दिइएको छ।

परियोजना सञ्चालनमा समेत अन्य संस्था/समूहसँग सहकार्यको प्रयास पनि जारी छ। सहकार्यको परियोजना सञ्चालन गर्ने उद्देश्यका साथ अन्य संस्थासँग मिलेर दातृ निकाय समक्ष परियोजना प्रस्ताव बुझाउने कार्य यस वर्ष पनि गरियो। स्वीस नेसनल साइन्स फाउन्डेसनको आह्वानमा Solution Oriented Research for Development (SOR4D) कार्यक्रम अन्तर्गत डिजिटल गभर्नेन्स सम्बन्धी विषयमा अनुसन्धान गर्न चौतारी सहित तीन ओटा संस्थाहरू र स्वीजर्ल्याण्डमा कार्यरत अनुसन्धानकर्ताहरू मिलेर एक अनुसन्धान परियोजनाको लागि अवधारणापत्र बुझाइएको थियो, जसको नतिजा असोज २०८३ सम्ममा आउने छ।

मार्टिन चौतारीद्वारा प्रकाशित पुस्तकहरू देशका कुनाकुना सम्मका सार्वजनिक तथा स्कूल/क्याम्पसका पुस्तकालयमा सहयोग स्वरूप दिने गरिएको छ। यस वर्ष मात्रै ८ जिल्लाका १४ ओटा पुस्तकालयलाई मार्टिन चौतारीका करिब डेढ सय थान पुस्तकहरू प्रदान गरियो। गएका ५-७ वर्षमा मार्टिन चौतारीले देशभर सात ओटै प्रदेशका गरी कुल १४० भन्दा बढी पुस्तकालयहरूमा आफ्ना प्रकाशनहरू सार्वजनिक उपयोगका लागि नि:शुल्क प्रदान गरेको छ। यद्यपि आवश्यकता र उपलब्धता हेरिकन पुस्तक दिइने हुँदा पुस्तकालयहरूमा दिइने पुस्तकको संख्या र प्रकार भिन्नभिन्न हुने गर्दछ। यसले मार्टिन चौतारीको सम्बन्ध देशका विभिन्न भागका प्राज्ञिक संस्था तथा विद्यार्थी, अनुसन्धाता तथा शिक्षकहरूसँग जोड्न सघाएको छ।

MARTIN CHAUTARI KATHMANDU, NEPAL

# अनुसूची

## चौतारीबाहेक अन्य संस्थाहरूले आयोजना गरेका कार्यक्रमहरूमा चौतारी अनुसन्धाताले दिएका प्रस्तुतिको विवरण

| अनुसन्धाताको नाम | प्रस्तुतिको शीर्षक | कार्यक्रमको विवरण | कार्यक्रम मिति र स्थान |
|---|---|---|---|
| देवेन्द्र उप्रेती | When the School Turned into a Public Forum: The Trajectory of the Mahabir Institute during the late Rana Period (1936–1941) | International Conference on Building Inclusive and Resilient Nepal: Sociological Debate, organized by Nepal Sociological Association | डिसेम्बर १८-२०, २०२५; हेटौँडा, मकवानपुर |
| प्रत्यूष वन्त | १. Nepali Non-fiction Writing, Publishing and the Public Sphere<br><br>२. Mapping the Landscape of Academic Freedom at Tribhuvan University, 1959–1990 | Kalam Konversation moderated by Anish Ghimire organized by r-Sala, Nepalaya<br><br>Contested Knowledge: Ideas and Practices" workshop hosted by the Social Scientists' Association (SSA), Sri Lanka | सेप्टेम्बर ५, २०२५; काठमाडौँ<br><br>मार्च ६-८, २०२६; कोलम्बो, श्रीलंका |
| बिर्सना श्रेष्ठ | Ideal Grihini and Women's Education: Through Chandrakanta and Kanya Pathshala | International Conference on Building Inclusive and Resilient Nepal: Sociological Debate, organized by Nepal Sociological Association | डिसेम्बर १८-२०, २०२५; हेटौँडा, मकवानपुर |
| रुख गुरुङ | १. A School for the Gorkhalis: *Gorkha Pathshala* and Mani Singh Gurung in Shillong, India, 1915–1950<br><br>२. School-Building in Gurung Villages: Bhasha Pathasala and the Post War Reconstruction Fund (PWRF), 1930–1967. | International Conference on Anthropology of Nepal and the Himalayas.<br><br>International Conference on Building Inclusive and Resilient Nepal: Sociological Debate, organized by Nepal Sociological Association | जुलाई २०-२१, २०२५; ललितपुर<br><br>डिसेम्बर १८-२०, २०२५; हेटौँडा, मकवानपुर |
| लोकरञ्जन पराजुली | Electoral Process and the Activities of the First Local Government of Nepal<br><br>२. The First "Modern" School of Pokhara: "Gai-khane Vidya" Triumphs Over Sanskrit and Bhasha | Annual Kathmandu Conference on Nepal and the Himalaya, Organized by Social Science Baha, Kathmandu<br><br>International Conference on Building Inclusive and Resilient Nepal: Sociological Debate, organized by Nepal Sociological | जुलाई २३-२५, २०२५; काठमाडौँ<br><br>डिसेम्बर १८-२०, २०२५; हेटौँडा, मकवानपुर |



MARTIN CHAUTARI KATHMANDU, NEPAL

| | | | |
|---|---|---|---|
| | | Association | |
| | ३. In the Name of Reform: Privatization of Nepal's Higher Education, 1990–2025 | Contested Knowledge: Ideas and Practices" workshop hosted by the Social Scientists' Association (SSA), Sri Lanka | मार्च ६-८, २०२६; कोलम्बो, श्रीलंका |
| सञ्जिला मोक्तान | १. लैङ्गिक सीमाहरू: तामाङ समाजभित्र तामाङ महिलाको शिक्षामा पहुँच र असमानता । | तामाङ न्हाङखोर, तामाङ राष्ट्रिय पुस्तकालय र नेपाल प्रज्ञा प्रतिष्ठानको आयोजनामा भएको तामाङ ज्ञान महोत्सवमा दिइएको प्रस्तुति | भाद्र ५-६, २०८३; काठमाडौँ |
| | २. The History of Girls' Education during the Rana Regime and Kanya Mandir School of Kathmandu | International Conference on Building Inclusive and Resilient Nepal: Sociological Debate, organized by Nepal Sociological Association | डिसेम्बर १८-२०, २०२५; हेटौँडा, मकवानपुर |